## लुम्बिनी साँस्कृतिक नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

# शिक्षा गुरुयोजना



प्रतिवेदन २०७९

# विषयसूची

**खण्ड –१: पृष्ठभूमी तथा शिक्षा गुरुयोजना तयारीका प्राविधिक पक्षहरू** **१**

१.१ पृष्ठभूमि १

१.२ योजनाको उदेश्य ३

१.३ योजना निर्माणका आधारहरू ४

१.४ योजना निर्माणका औचित्यहरू ४

१.५ योजना निर्माण प्रक्रिया ५

१.६ सङ्कलित तथ्याङ्क विश्लेषणका लागि SWOT (Strengths, Weaknesses, Opportunities and Threats) विश्लेषण विधि अपनाइएको ५

**खण्ड - २: शैक्षिक इतिहास र नगरपालिकाको वस्तुगत विवरण** **७**

२.१ शिक्षाको अन्तराष्ट्रिय पृष्ठभूमि ७

२.२ शिक्षाको राष्ट्रिय पृष्ठभूमि ८

२.२.१ लिच्छवीकालको नेपालमा शिक्षा ९

२.२.२ मल्लकालमा शिक्षा ९

२.२.३ बाइसे चौबिसे राज्यमा शिक्षा १०

२.२.४ शाहकालमा शिक्षा १०

२.२.५ प्रथम पञ्च वर्षीय योजनामा शिक्षा १३

२.२.६ वि.सं. २०१४ पछि शिक्षा विकासक्रम १३

२.३ भौगोलिक र प्रशासनिक अवस्थिति र जनसाङ्ख्यिक विवरण १५

२.३.१ नगरपालिकाको भौगोलिक अवस्थिति १५

२.३.२ राजनैतिक तथा प्रशासनिक विवरण १५

२.३.३ नगरपालिकाको जनसाङ्ख्यिक विवरण १६

२.४ शिक्षा २०

२.४.१ शैक्षिक संस्थाहरुको विवरण २१

२.४.२ शिक्षक र विद्यार्थीहरुको विवरण २९

२.४.३ पांच वर्ष माथिको जनसंख्याको साक्षरता विवरण ३१

२.४.४ उमेर समूह अनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण ३३

२.४.५ मुख्य विषयको आधारमा साक्षर जनसंख्याको विवरण ३५

२.४.६ शिक्षक तथा शैक्षिक जनशक्ति विवरण ३६

२.४.७ शैक्षिक सत्र २०७८ को नयाँ भर्नाको विवरण ३७

२.४.८ सामुदायिक विद्यालयको सुबिधा तथा संरचनागत विवरण ४८

**खण्ड - ३: शिक्षा गुरुयोजनाको दीर्घकालीन सोच, लक्ष्य, कार्यनीति तथा रणनीतिहरू** **५२**

३.१ पृष्ठभूमि ५२

३.१.१ प्रारम्भिक बालविकास तथा शिक्षा ५६

३.१.२ आधारभूत शिक्षा ५७

३.१.३ आधारभूत तथा माध्यमिक शिक्षा ५९

३.१.४ माध्यामिक शिक्षाका समग्र पक्षहरू ६०

३.१.५ प्राविधिक तथा व्यवसायिक शिक्षा ६१

३.१.६ अनौपचारिक शिक्षा, खुल्ला तथा वैकल्पिक निरनतर सिकाई ६२

३.१.७ विशेष शिक्षा (समावेशी शिक्षा) ६४

३.१.८ शैक्षिक प्रशासन तथा जनशक्ति व्यवस्थापन ६६

३.१.९ शैक्षिक पूर्वाधार व्यवस्थापन तथा लगानी ६९

३.१.१० ट्यूसन, ब्रिज कोर्स, कोचिङ लगायत मूलधार बाहिरका शैक्षिक गतिविधि व्यवस्थापन ७१

३.१.११ शैक्षिक गुणस्तर नियमन ७१

३.१.१२ खोज, विज्ञान तथा प्रविधि ७४

३.१.१३ अतिरिक्त शैक्षिक कृयाकलाप संचालन व्यवस्थापन ७६

३.१.१४ स्थानीय पाठ्यक्रम तथा मातृभाषमा शिक्षा ७७

**खण्ड - ४: शिक्षा गुरुयोजनाको कार्यनीति तथा रणनीतिहरू अनुसारका कार्यक्रमहरू** **७८**

४.१ अपेक्षित उपलब्धीहरू १०९

**खण्ड - ५: कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन** **११७**

५.१ योजना प्राथमिकिकरण तथा कार्यान्वयन ११७

५.२ अनुगमन तथा मूल्याङ्कन ११९

**अनुसूचीहरु** **१२३**

अनुसूची १ - माइन्युट १२३

अनुसूची २ - प्रस्तुतीकरणका फोटोहरु १२५

# तालिका सुची

तालिका १. राजनैतिक तथा प्रशासनिक विवरण ........................................................१६
तालिका २ जनसंख्या विवरण ........................................................................................१८
तालिका ३. वडागत जनसंख्याको विवरण ......................................................................१९
तालिका ४. शैक्षिक संस्थाहरुको संख्यागत विवरण..........................................................२१
तालिका ५. नगरपालिकामा रहेका सामुदायिक विद्यालयहरुको विवरण .................................. २२
तालिका ६. लुम्बिनी साँस्कृतिक नगरपालिकामा रहेका निजी विद्यालयहरूको विवरण..............२४
तालिका ७. लुम्बिनी साँस्कृतिक नगरपालिकामा रहेका मदरसाको विवरण.............................. २६
तालिका ८. सामुदायिक सिकाइ केन्द्रको विवरण.................................................................२८
तालिका ९. शिक्षक र विद्यार्थी विवरण.............................................................................. २९
तालिका १०. कक्षाको आधारमा विद्यार्थी विवरण............................................................... ३०
तालिका ११. तहका आधारमा विद्यार्थी विवरण.................................................................. ३०
तालिका १२. पाँच वर्ष वा सो भन्दा माथिको जनसंख्याको साक्षरता स्थिती .............................३१
तालिका १३. पाँच वर्ष वा सो भन्दा माथिका साक्षर जनसंख्याले उत्तीर्ण गरेको तह अनुसार विवरण.....................................................................................................................................३३
तालिका १४. उमेर समूह अनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण.........३४
तालिका १५. मुख्य विषयको आधारमा साक्षर जनसंख्याको विवरण....................................... ३५
तालिका १६. शिक्षक विवरण.............................................................................................३६
तालिका १७. शैक्षिक सत्र २०७८ को नयाँ भर्नाको विवरण.................................................३८
तालिका १८. सामुदायिक विद्यालयको सुबिधा तथा संरचनागत विवरण.................................. ४८

# खण्ड -१: पृष्ठभूमी तथा शिक्षा गुरुयोजना तयारीका प्राविधिक पक्षहरू

## १.१ पृष्ठभूमि

लुम्बिनी साँस्कृतिक प्राकृतिक तथा भौगोलिक विविधता र सुन्दरताले भरिपूर्ण र गौतम बुद्धको जन्मस्थल नेपाल परापूर्व कालदेखि नै ऋषिमुनीहरूको एक तपोभूमी र बौद्ध तथा पूर्वीय दर्शन, ज्ञान तथा चिन्तन परम्परा, संस्कृत ज्ञान, भाषा, साहित्य, सनातन धर्म संस्कृति, संस्कार, दर्शनशास्त्र, ज्योतिषशास्त्र, आयुर्वेदिक चिकित्सा प्रणाली, योग, ध्यान, वास्तुशास्त्र, खगोलशास्त्र, सङ्गीत र जीवन पद्धतिको अनुपम ज्ञानभूमी रहँदै आएको छ । यो ज्ञानभूमि विभिन्न दर्शन र ज्ञान परम्पराको उद्गमस्थल समेत मानिन्छ। यसका साथसाथै नेपालमा बोलिने विभिन्न भाषा तथा संस्कृतिहरूले यसको साँस्कृतिक महत्वलाई पुष्टी गर्दछ । क्षेत्रफलका हिसाबले सानो भएता पनि नेपालमा ११५ भन्दा धेरै जातजाति र १३० भन्दा बढी भाषाहरू रहेका छन् । समुन्द्र सतहदेखि ५९ मिटरको उचाइदेखि ८८४८.८६ मिटरमा रहेको विश्वको सर्वोच्च शिखर सगरमाथासम्म तराइ, पहाड र हिमालको रूपमा फैलिएको जैविक विविधतायुक्त भूभाग र हावापानी रहेको कारण यहाँ साँस्कृतिक, भाषिक र जातजातिगत विविधता रहेको छ । भौगोलिक, वातावरणीय, साँस्कृतिक र भाषिक रूपमा अत्यन्तै धनी भए पनि लामो समयको राजनीतिक खिचातानी, अस्थिरता र शासकहरूको अदूरदर्शी दृष्टिकोणको कारण ती साँस्कृतिक वैभव तथा निधीहरू ओझेलमा परेका छन् । यी विविधताहरूको संरक्षण र विकासमा राज्यको लगानी र चासो कम रह्यो । नेपालको इतिहासमा मल्ल कालसम्म शिक्षा, साहित्य र कलाको क्षेत्रमा सकारात्मक प्रयत्नहरू भएका थिए तर आधुनिक नेपालको एकिकरण पछि शिक्षा, साहित्य र कलाको क्षेत्र ओझेलमा परेको देखिन्छ । खासगरी तत्कालीन नेपाली शासकहरूका आन्तरिक राजनीतिक खिचातानी र पारिवारिक कलह तथा ब्रिटिश इण्डियाले नेपालमाथि गरेको सैनिक आक्रमणका कारण नेपालको एकिकरण पश्चात् समेत इतिहासको लामो कालखण्डसम्म शिक्षा, साहित्य र कला क्षेत्रप्रतिको उदाशिनता झन् बढेर गएको पाइन्छ । राज्यको उपेक्षाका वाबजुद शिक्षा, साहित्य र कला क्षेत्रमा जनस्तर र समुदायस्तरबाट भएका प्रयासहरू समेत निरङ्कुश राणा र पञ्चायती शासन व्यवस्थाले नियन्त्रण र निषेध गर्यो । अझ नयाँ शिक्षा लागु भए पश्चात् अङ्ग्रेजी तथा पाश्चात्य शिक्षा प्रणालीका प्रभावका कारण एकातिर पूर्वीय दर्शन, ज्ञान तथा चिन्तन परम्परा, संस्कृत भाषा, साहित्य, सनातन धर्म संस्कृति, चालचलन, संस्कार, दर्शनशास्त्र, ज्योतिषशास्त्र, आयुर्वेदिक चिकित्सा प्रणाली, योग, ध्यान, वास्तुशास्त्र, खगोलशास्त्र, सङ्गीत र जीवन पद्धति क्रमशः ओझेलमा पर्दै गए । नेपाली समाज गुरु-शिष्य परम्पराको अनुपम नमूना गुरुकूल शिक्षा

प्रणालीबाट क्रमशः पाश्चात्य शिक्षा प्रणालीतर्फ ढल्किँदै गयो । विकासको क्रमसँगै पश्चिमी ज्ञानविज्ञानको आदानप्रदान र भूमण्डलीकरणका प्रभावले आधुनिक शिक्षामा केही प्रयत्नहरू भए । फलस्वरुप वि.सं. २००७ सालको राजनीतिक परिवर्तनपछि नेपालमा विद्यालय तथा कलेजहरूको स्थापना गर्ने लहर नै चल्यो । वि.सं. १९७५ सालमा त्रि-चन्द्र कलेजको स्थापना पश्चात् विश्वविद्यालय तहको शिक्षाको अवसर समेत देशभित्र नै प्राप्त भयो । वि. सं. २०१६ मा त्रिभुवन विश्वविद्यालयको स्थापना भए पश्चात् देशका विभिन्न स्थानहरूमा क्याम्पसहरू स्थापना हुँदै गए र वि.सं. २०२८ को नयाँ शिक्षा लागु भएपश्चात् शिक्षामा आमूल परिवर्तन नै सुरु भयो । सङ्ख्या र क्षेत्र विस्तारका हिसाबले समेत यो समयमा नेपालमा धेरै विद्यालय तथा कलेजहरूको स्थापना भए तथापि विद्यालय र कलेजहरूको स्थापनाको यो क्रम सुगम तथा शहरकेन्द्रहरूमा केन्द्रित भयो । वि. सं. २०४६ सालमा बहुदलीय व्यवस्थाको पुनस्थापना पछि भने शिक्षा क्षेत्रमा चरम राजनीतिक हस्तक्षेप भयो र शिक्षा क्षेत्रको गुणस्तरमा ह्रास आउन थाल्यो जुन आजपर्यन्त जारी छ । एकातर्फ विश्वमा नविन ज्ञान,विज्ञान र प्रविधिका हिसाबले उच्च प्रतिस्पर्धाको अवस्था छ भने अर्कोतर्फ भूमण्डलीकरणका प्रभावले विश्व एउटा सानो गाउँको रूपमा विकास भएको छ र हाम्रा सन्ततिले विश्वका नागरिकसँग प्रतिस्पर्धा गर्नुपर्ने भएको छ । यस्तो अवस्थामा एकातिर शिक्षाको खस्किँदो गुणस्तर हाम्रा लागि एउटा ठूलो चुनौतिको रूपमा रहेको छ भने अर्कोतिर देशका कैयौं दुर्गम ग्रामीण वस्ती तथा दूरदराजका नागरिकहरू अझै निरक्षरताको अन्धकारमा बाँच्नुपर्ने वाध्यता छ । तुलनात्मक हिसाबले सुगम नगरपालिका भएतापनि लुम्बिनी साँस्कृतिक नगरपालिकाको शैक्षिक स्तरमा सोचेको जस्तो सुधार हुन सकेको छैन । नेपालको वर्तमान संविधानको व्यवस्था अनुसार अधिकार सम्पन्न स्थानीय सरकार निर्वाचित भएर आएपछिको हालको अवस्थामा शिक्षा क्षेत्रको बारेमा, खासगरि आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा सम्बन्धी योजना निर्माण, कार्यान्वयन र अनुगमन गर्ने अधिकार स्थानीय सरकारलाई प्राप्त भएको परिप्रेक्ष्यमा यस लुम्बिनी साँस्कृतिक नगरपालिकाको समग्र शिक्षा क्षेत्रको विकासका लागि एउटा शिक्षा गुरुयोजना निर्माण गरी सो गुरुयोजनाले तय गरेअनुसारका योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्न वाञ्छनीय देखिएकोले यो गुरुयोजना निर्माण गरिएको हो।

वि.सं. २००७ सालको प्रजातन्त्र स्थापनाको ऐतिहासिक विन्दुदेखि २०७२ सालमा संविधान सभाद्वारा जारी गरिएको जनता निर्मित संविधानको घोषणासम्म आइपुग्दा नेपालले प्रजातन्त्रको स्थापना पश्चात् समेत ६८ वर्ष लामो राजनीतिक तथा सामाजिक सङ्क्रमणबाट गुज्रन परेको यथार्थ हाम्रा सामु छ।

समग्र विकासको दृष्टिकोणबाट हेर्दा बितेका करिब ७० वर्ष राजनीतिक अधिकार प्राप्तीका संघर्षमा मात्र सिमित भएको देखिन्छ भने अन्य आर्थिक, औद्योगिक, शैक्षिक लगायतका विकासका सूचकहरूका आधारमा हाम्रो देश धेरै पछाडि रहेको छ । हाम्रो देशभन्दा पछाडि स्वतन्त्र भई आर्थिक विकासतर्फ लम्केका पूर्वी तथा मध्य एशियाका धेरै मुलुकहरू विकासमा हामी भन्दा कैयौं गुणा अगाडि पुगिसकेका छन् । सन् साठीको दशकमा नेपालभन्दा कम प्रति व्यक्ति औषत आय भएको जापानसँग भौतिक, मानविय तथा अन्य विकासका दृष्टिकोणले अहिले हाम्रो तुलना नै हुन सक्दैन ।

वि.सं. २०७२ सालमा नेपालको संविधान जारी भैसकेपश्चात् २०७४ सालमा सम्पन्न भएका तिनै तहका निर्वाचनबाट नयाँ सङ्घीय, प्रादेशिक र स्थानीय सरकारहरू गठन भैसकेको कारण नयाँ सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुरूपको राज्यको पुनर्संरचना समेत भैसकेको छ । यस ऐतिहासिक कालखण्डमा हाल सम्पूर्ण राष्ट्र नै समग्र विकासको मूलमन्त्र लिएर अगाडि बढेको सन्दर्भमा वर्षौंदेखि व्याप्त गरीबी, रोग व्याध, पछौटेपन, अशिक्षा, असुविधा, अन्याय अत्याचार र भेदभावमा पिल्सिएका आम स्थानीयवासीमा नयाँ परिवर्तन र राज्य व्यवस्थाले नयाँ आशाको सञ्चार गराएको छ ।

विशेषतः स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले नेपालको संविधानको अनुसूची ८ मा उल्लेख भएका स्थानीय तहको अधिकारको थप व्याख्या गरी स्थानीय सरकारलाई स्थानीय स्तरका समग्र विकासका योजनाहरू निर्माण, कार्यान्वयन तथा अनुगमन गर्ने अधिकार प्रदान गरेको छ । ऐनको परिच्छेद -३ दफा ११ को उपदफा २ (ज) (१) मा प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन साथै बुँदा नं. २ मा सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन गर्ने अधिकार समेत स्थानीय सरकारलाई प्रदान गरेको सन्दर्भमा यस लुम्बिनी साँस्कृतिक नगरपालिकाको समग्र शिक्षाक्षेत्रको विकासका लागि शिक्षा गुरुयोजना तयार पार्न लागिएको हो ।

## १.२ योजनाको उदेश्य

नेपालको संविधानले मौलिक हकको रुपमा धारा ३१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था गरी प्रत्येक नागरिक र समुदायले प्राप्त गर्न सक्ने हकलाई कार्यान्वयन गर्न सक्ने गरी संविधानको अनुसूची ८ अनुसार आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्था गर्न यस नगरपालिका क्षेत्रभित्र

कुनै पनि सुमदायमा कुनै पनि बालबालिका विद्यालयको पहुँचबाट टाढा हुने छैनन् र भरपर्दो तथ्य एवं तथ्याङ्कको आधारमा प्रत्येक बालबालिकालाई अनिवार्य रहेको आधारभूत तहको शिक्षा प्रदान गर्न आवश्यक व्यवस्था गर्ने यस योजनाको मूल उद्देश्य रहेको छ । यसका साथै योजना निर्माण गर्नुको अन्य उद्देश्यहरू निम्नानुसार रहेका छन्:

- नगरपालिकाको वर्तमान शैक्षिक अवस्थाको चित्रण गर्नु ।
- विद्यालयलाई बाल, महिला र अपाङ्गमैत्री बनाउन पूर्वाधार तयार गर्नु ।
- विद्यालयमा समावेशीकरणलाई उच्च प्राथमिकता दिनु ।
- व्यवसायिक सीपमूलक तथा प्राविधिक शिक्षाको व्यवस्था गर्नु ।
- बिचमा विद्यालय छोड्ने दरमा कमि ल्याउनु ।
- परीक्षा प्रणालीलाई व्यवस्थित गर्नु ।
- शिक्षक व्यवस्थापनमा सुधार गर्नु ।

## १.३ योजना निर्माणका आधारहरू

यस योजना तर्जुमा गर्दा देहाय बमोजिमका दस्तावेजहरूलाई मुख्य आधारको रुपमा लिइएको छ ।

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- दिगो विकास लक्ष्य नं. ४
- राष्ट्रिय शिक्षा नीति, २०७६
- पन्ध्रौं योजना (२०७६/ ०७७-२०८०/ ०८१)
- विद्यालय क्षेत्र विकास योजना
- लुम्बिनी साँस्कृतिक नगरपालिकाको आधारभूत तह (कक्षा ८) उत्तिर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापना निर्देशिका, २०७७

## १.४ योजना निर्माणका औचित्यहरू

- शिक्षाको पहुँचबाट बञ्चित बालबालिकाहरूको शिक्षामा पहुँच सुनिश्चितता, विद्यालयमा अर्थपूर्ण सहभागीताका लागि ती बञ्चित समूह, समुदायका बालबालिकाहरूलाई यस योजनाले सम्बोधन गर्नेछ ।
- आधारभूत र माध्यमिक दुवै तहको शिक्षामा बालबालिकाको स-सम्मान प्रवेश, बालबालिकाको क्षमता, आवश्यकता र परिवेश अनुसार सफल जीवनयापनका लागि आवश्यक सीपहरूको विकास गर्न यस योजनाले मद्दत गर्नेछ ।

- विद्यालयभन्दा बाहिर रहेका बालबालिकालाई विद्यालयसम्म ल्याउने, उनीहरूलाई विद्यालयमा टिकाई राख्ने र सिकाई पश्चात बजारमा बिकाउने उद्देश्यलाई पूरा गर्न यस योजनाले मद्दत गर्नेछ ।
- लैङ्गिग असमानता, अपाङ्गता, भाषा, जातियता, भौगोलिक अवस्थिति, कठिन परिवेशमा रहेका बालबालिकालाई शिक्षामा अर्थपूर्ण सहभागिता र सिकाईमा सुधार ल्याउने यस योजनाको औचित्य हो ।

## १.५ योजना निर्माण प्रक्रिया

शिक्षा गुरुयोजना निर्माणको कार्यविधिलाई निम्न चरणहरूमा विभाजन गरिएको छ ।

क. स्थलगत सर्वेक्षण तथा सरोकारवालाहरूसँग छलफल, अन्तरक्रिया, नगरपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख, नगर कार्यपालिका, सामाजिक विकास समिति, नगर शिक्षा समितिका पदाधिकारी, नगरपालिकको शिक्षा क्षेत्रसँग सम्बन्धित अगुवाहरू, प्रदेश सरकारका निकायहरू, गैर सरकारी संस्था, प्रधानाध्यापकहरूसँग अन्तर्वार्ता, अन्तरक्रिया एवम् छलफल गरी सूचना, जानकारी एवम् सुझाव प्राप्त गरिएको थियो । प्रश्नावली समेत प्रयोग गरी आवश्यक प्राथमिक सूचना तथा तथ्याङ्कहरू सङ्कलन गरिएको थियो ।

ख. द्वितीय तथ्याङ्क अध्ययनबाट सूचना सङ्कलनस् सम्वन्धित क्षेत्रहरूको द्वितीय तथ्याङ्क एवम् सूचनाहरू संघीय, प्रादेशिक र जिल्ला स्तरका सम्वन्धित निकायहरूबाट प्रकाशित भइसकेका पुस्तक, प्रतिवेदन, लेख, अभिलेख, स्मारिका समेत अध्ययन गरी सङ्कलन गरिएको थियो । प्राप्त सूचना एवम् तथ्याङ्कहरूलाई परिष्कृत गरी अध्ययनलाई पूर्णता दिने प्रयास गरिएको थियो ।

ग. तथ्याङ्क प्रशोधन, विश्लेषण तथा व्याख्या प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्क एवम् सूचनाहरूलाई प्रशोधन गरी उपयुक्त ढाँचा (तालिका, मानचित्र, रेखाचित्र आदि) मा प्रस्तुत गर्ने कार्य यस चरणमा गरिएको थियो । प्रशोधित सूचना तथा तथ्याङ्क विश्लेषण गरी निष्कर्ष, पुष्टयाइ र सुझावहरू तयार गरिएको थियो । यसको आधारमा शिक्षा गुरुयोजना क्षेत्रको निर्धारण तथा योजना र कार्यक्रमहरूको पहिचान गरिएको थियो ।

## १.६ सङ्कलित तथ्याङ्क विश्लेषणका लागि SWOT (Strengths, Weaknesses, Opportunities and Threats) विश्लेषण विधि अपनाइएको

नगरपालिका क्षेत्रको तथ्याङ्क विश्लेषणको लागि साधनको रूपमा SWOT विश्लेषण विधि अपनाइएको छ । यस विधिमा उपरोक्त स्थानको शिक्षा क्षेत्रको विकासका अवसर, चुनौति तथा उक्त स्थानका

सबल पक्ष र दुर्बल पक्षहरूको विस्तृत जानकारी लिई उक्त पक्षहरूको अन्तर-सम्बन्धको अध्ययन गरी नगरपालिकाको शिक्षा गुरुयोजना तयार पारिएको छ । SWOT विश्लेषण अन्तर्गत निम्न विषयवस्तुहरू समावेश गरिएको छ ।

- सबल पक्षः लुम्बिनी साँस्कृतिक नगरपालिकाको शिक्षा क्षेत्रको समग्र पक्षहरूको विकासका लागि त्यहाँ भएका स्रोत साधन र क्षमताको उचित उपयोग, त्यस स्थानको योजना तथा क्रियाकलापको लागि विद्यमान सकारात्मक र सहयोगी पक्षहरू आदि।
- दुर्वल पक्षः उद्देश्य प्राप्तिको लागि यस नगरपालिकामा भएको स्रोत-साधनको सीमितता र जटिलता ।
- अवसरहरूः यस नगरपालिकामा शैक्षिक विकासको लागि भएका सम्भाव्य र सहयोगी पक्षहरू ।
- चुनौतीहरूः यस नगरपालिकाको शिक्षा क्षेत्रको विकासका बाधकको रूपमा आइपर्ने मुख्य चुनौती, बाधा तथा व्यवधानहरू ।

## SWOT Analysis



# खण्ड - २ : शैक्षिक इतिहास र नगरपालिकाको वस्तुगत विवरण

## २.१ शिक्षाको अन्तराष्ट्रिय पृष्ठभूमि

पश्चिमा मुलुकहरूमा शिक्षा एवम् लिखत प्रणालीको पहिलो विकास मिश्र देशमा करिब ईशापूर्व तीन हजारमा भएको थियो । त्यहाँबाट फोनेसिया अहिलेको लेबनान, सिरिया र जोर्डन र त्यसबाट प्रभावित मेसोपोटेमिया क्षेत्र इराक, इरान र इजराइल पनि त्यसैबाट प्रभावित भई सिकाइ र लेखाइको प्रकृया अघि बढ्यो ।

पश्चिमा मुलुकहरूमा शिक्षा एवम् लिखत प्रणालीको पहिलो विकास मिश्र देशमा करिब ईशापूर्व तीन हजारमा भएको थियो । त्यहाँबाट फोनेसिया अहिलेको लेबनान, सिरिया र जोर्डन र त्यसबाट प्रभावित मेसोपोटेमिया क्षेत्र इराक। इरान र इजराइल पनि त्यसैबाट प्रभावित भई सिकाइ र लेखाइको प्रकृया अघि बढ्यो ।

ईशापूर्व ५०० तिर ग्रीक राज्यमा स्पार्टालाई छाडेर अरु कुनैले शिक्षाको जिम्मा लिँदैनथे । पैसा तिरेर पढाउनु पर्थ्यो । ७ देखि १४ वर्ष उमेर समूहका बालबालिकाहरूलाई जिम्न्याष्टिक (Gymnastics), संगीत (Music) र साक्षरता (Literacy) सिकाइन्थ्यो । प्लेटो (Plato) र एरिस्टोटल (Aristotle) ले शिक्षालय खोलेका थिए । ती शिक्षलयहरूमा उच्च शिक्षासम्मको सुविधा थियो । ईशापूर्व ३५० तिर एथेन्समा पेन्टिङ र मूर्तिकला सामान्य भैसकेका थिए । रोमन राज्यमा पनि शिक्षाको बारेमा राज्यको प्रत्यक्ष संलग्नता देखिदैन । तत्कालिन औपचारिक शिक्षामा लिङ्गभेद थिएन। आर्थिक हिसाबले सम्पन्न बाबुआमाले पैसा तिरेर बच्चा पढाउन पाउँथे । क्रिश्चियन धर्मको विस्तारका साथ पुनरुत्थानकाल नआउँदासम्म शिक्षा चर्चकै निर्देशनमा चलिरह्यो । पढाई भनेको सक्नेले र पैसा हुनेले गर्ने कर्म थियो या धार्मिक कार्यका लागि वाइवल पढ्न सिक्ने कार्यको रूपमा मात्र सिमित थियो । मध्यपूर्वमा इस्लामको उदय भएपछि मदिनामा सन् ६२२ तिर शुरुमा मस्जिदमै र पछि मदरसामा पढाइ शुरु भएको देखिन्छ ।

चीनमा याओ वंशमै ईशापूर्व २१८८ देखि २०६७ तिर नै व्यापक रुपमा नैतिक शिक्षा दिइन्थ्यो। बालबालिकाहरूलाई बाबुआमाको र परिवारका अन्य सदस्यहरूको सम्मान गर्न सिकाइन्थ्यो । जिया वंशमा सरकारी विद्यालय कूलीन परिवारका बालबालिकाका लागि मात्र थिए । त्यहाँ कला, संस्कार र तीर हान्न सिकाइन्थ्यो । साङ वंशको बेला (ईशापूर्व १६०० देखि १०४६ सम्म) सामान्य जनताले पढ्न पाउँथे तर गाउँमा जनताले शुल्क तिरेर पढ्नुपर्थ्यो र उनीहरूलाई कृषिकर्म र

आवश्यक शिल्प सिकाइन्थ्यो । झाओ वंश (सन् १०४५ देखि २६५ सम्म) कुलीन परिवारका लागि चिनको राजधानीमा राष्ट्रिय विद्यालयहरू खुले र कन्फ्युसस् दर्शनको विकास गरे । चीनको पाठ्यक्रममा उनका विचारले सन् १९४९ सम्म ठूलो स्थान ओगट्थे । हान वंशले शाही अध्ययन केन्द्र खोले जसमा तीस हजार विद्यार्थीले पढाइ, लेखाइ र गणित सिक्थे । १९४९ पछि माओत्सेतुङको सरकारले सबैका लागि शिक्षाको कार्यक्रम ल्यायो र युगौं पुरानो विभेदको अन्त्य भयो ।

## २.२ शिक्षाको राष्ट्रिय पृष्ठभूमि

नेपालमा प्राचिनकालमा गुरुकुल, ऋषिकुल, देवकुल र पितुकुल प्रणालीद्वारा वैदिक शिक्षा दिइन्थ्यो र महिला पुरुष दुवैले पढ्न पाउँथे । गार्गी र मैत्रेयी जस्ता विदुषीको उपस्थितिले यो कुरा स्पष्ट पार्दछ (शर्मा २०६८, पृ.१५,१६) । गुरुकुल प्रणाली आधुनिक शिक्षा प्रणाली नआउँदासम्म चलिरह्यो र अहिले पनि आश्रम, मठ मन्दिर, गुम्बा मार्फत् केही हदसम्म जारी नै छ । गुरुकुल प्रणाली अन्तर्गत मानव वस्तीभन्दा अलि टाढा विद्वान् ऋषिहरूले गुरुकुल चलाएका हुन्थे । विद्यार्थीहरू त्यहीँ बसेर गुरुले भने बमोजिम नियम पालना गर्दै वेद, वेदाङ्ग, व्याकरण, न्याय, दर्शन, ज्योतिष, साहित्य, नीतिशास्त्र, धर्मशास्त्र, आयुर्वेद आदि विषयको पढाइ गर्थे ।

पढ्ने पढाउने पद्धतिः गुरुले उच्चारण गरे पछि मात्र पाठ सोही वमोजिम शुद्ध उच्चारण गरी पढ्नु पर्ने, गुरुले पछि त्यसको व्याख्या गर्ने थियो । शुद्ध उच्चारण गरेर पढ्ने र अर्थ सहित गुरुलाई पाठ बुझाउने गर्नुपर्थ्यो । अहिलेको जस्तो शिक्षण विधि र परीक्षा प्रणालीको प्रयोग नभए तापनि पाठ कण्ठ पार्ने, व्याख्या गर्ने, प्रश्न उत्तरको व्यवस्था, ज्ञान मापनका लागि बेलाबेलामा शास्त्रार्थको व्यवस्था थियो । गम्भीर विषय श्रवण, मनन र निदिध्यासनका माध्यमले बुझ्ने व्यवस्था थियो (शर्मा २०१६,पृ.९) । जीवनको पहिलो २५ वर्ष ब्रह्मचारी आश्रमको अवस्था, गुरुकुलमा बसेर विद्या अध्ययन गर्ने र अन्त्यमा समावर्तन संस्कार (दीक्षान्त कार्यक्रम) गरे पछि आफु सक्दो गुरु दक्षिणा दिएर गुरुकुल या आश्रमबाट विदा हुने प्रचलन थियो । यसलाई निजको अध्ययन समाप्त भएको मानिन्थ्यो । त्यसपछि राजा वा प्रशासकले ती पठित व्यक्तिको जीविकाको व्यवस्था गरिदिने अनिमात्र उनीहरूले विवाह गरेर २६ वर्ष देखि गृहस्थ जीवन शुरु गर्ने गर्दथे ।

नेपालमा वैदिक शिक्षा परम्परा पछिको पुरानो परम्परा बौद्ध शिक्षा प्रणाली हो । यो पनि लामो समयसम्म कायम रह्यो । खासगरी पाँचौ शताब्दी देखि १५औं शताब्दीसम्म नेपाल बौद्ध शिक्षाको केन्द्र नै थियो । अहिले पनि गुम्बा शिक्षा केही मात्रामा चलिरहेको छ । बौद्ध शिक्षा प्रणालीको

विशेषता भनेको सबैका लागि समान शिक्षा हो । त्यहाँ कुनै वर्णभेद, जाति भेद थिएन । संगापा र गेलुङ गुरुहरूले बौद्ध गुम्बा र विहारमा भिक्षुहरूले पाली प्राकृत, बोद्धदर्शन, साहित्य, त्रिपिटक, जातकको पढाइ गराउदै आएका छन् । प्राचीन समयमा चीन र तिब्बतबाट समेत भिक्षु भिक्षुणी नेपालका विहारहरूमा अध्ययन गर्न आउँथे । स्वयम्भू विहार, फर्पिङ, लुम्बिनीमा अहिले पनि आवास र भोजनको सुविधा सहित भिक्षुहरूले अध्ययन गरिरहेका छन् । तथापी अहिले यिनीहरूको क्षेत्र साँघुरिएको छ । नेपाल तारा भृकुटी तिब्बत जाँदा बौद्ध विद्वान् शीलमन्जुलाई साथमा लगेकी थिइन् । उनले तिब्बती लिपि र भाषाको विकासमा सहयोग गरे र बुद्धको शिक्षालाई तिब्बतमा स्थायीरुपमा जग राखे । पछि बुद्ध धर्म दर्शनमा समस्या आइपर्दा शान्तरक्षित त्यहाँ गएर बज्रयान सम्प्रदाय शुरु गरे र साम्यगुम्बा स्थापना गरेका थिए ।

### २.२.१ लिच्छवीकालको नेपालमा शिक्षा

लिच्छवीकालमा राज्यले शिक्षालाई ऐच्छिक रुपमा लिईन्थ्यो । त्यसकालागि गुठी राखिदिन्थ्यो र त्यसबाट शिक्षा केन्द्र सञ्चालन हुन्थे । त्यो समयमा नेपालमा उच्च शिक्षाको कुनै संस्था भएको विवरण भेटिँदैन तर नेपालीहरू नालन्दा र विक्रमशीला जाने गरेको विवरण पाइन्छ । नेपाली पण्डित वागेश्वर कीर्ति अध्यापक रहेको र पण्डित कनकश्री विक्रमशीलामा द्वार पण्डितको स्थान प्राप्त गरेको भनिन्छ (नेशिइ १,पृ.१९) । राजा मानदेव र अंशुवर्मा दुवैले हिन्दू र बौद्ध धर्ममा समान भाव राख्दथे । उनीहरू विद्वान्, संस्कृतज्ञ र कलाप्रेमी थिए । राजभाषा संस्कृत थियो । चाङ्गुनारायणको शिलालेख, चक्रमहाविहार पाटन र लाजिम्पाटको शिवमन्दिरको शिलालेखको शुद्ध संस्कृत भाषाको प्रयोग गरिएको छ ।

### २.२.२ मल्लकालमा शिक्षा

मल्लकालमा राज्यले शिक्षालाई दायित्व मानेको थिएन । पूजा पाठ गराउने बाहुन र बौद्धलामा, गुभाजुहरूले आवश्यकता अनुसार कर्मकाण्ड पढेका हुन्थे । शिक्षा वृतिका रुपमा मात्र लिइएको थियो । जयस्थिति मल्लले व्यवसायका आधारमा थरको व्यवस्था गरेका हुन् । सर्वसाधारण अशिक्षित थिए । गुठीले शिक्षामा सहयोग पुर्याउँथ्यो साथै गरीब र असहायलाई भोजनको व्यवस्था गर्थ्यो । जयस्थिति मल्लका पालमा संस्कृतका साथै नेवारी साहित्यको पनि विकास भयो । जगज्योति मल्ल संस्कृतज्ञ र संगीतज्ञ दुवै थिए । भूपतिन्द्र मल्लले न्यातपोल र पचपन्न झ्याले दरबार बनाए । प्रताप मल्ल कवि थिए, आफ्नो नामका अगाडि कविन्द्र लेख्थे । साथै उनले तान्त्रिक विद्याको विकास गरे । फादर ग्रोबर डोरवीललाई इसाई धर्म प्रचारको अनुमति दिए ।

तिनीहरूले धेरै हस्तक्षेप गर्न थालेपछि सिद्धिनरसिंह मल्लले इसाईहरूलाई देश निकाला गरेका थिए। उनले कलाको विकास, मूर्तिकला, शिल्पकला, काष्ठकला, ललितकला, स्थापत्यकलाको विकासमा उल्लेखनीय भूमिका निर्वाह गरेका थिए । पाटन महाबौद्ध र कृष्ण मन्दिर यसका उदाहरण हुन् ।

### २.२.३ बाइसे चौबिसे राज्यमा शिक्षा

डोटी, जुम्ला, पाल्पा, तनहूँ र पर्वतमा प्राप्त हस्तलिखित ग्रन्थले बाइसे र चौबिसे कालमा त्यस क्षेत्रमा संस्कृत शिक्षाको प्रचलन रहेको बुझिन्छ । गोरखाका राजा रामशाह शिक्षाप्रेमी थिए । उनका दरवारमा शक्तिबल्लभ अर्याल विद्वान्का रुपमा निकै प्रसिद्ध थिए । कास्की लमजुङका पण्डितहरू बनारस गई पढेर आउँथे । बाइसे राज्यमा डोटी, डडेल्धुरामा पढेलेखेका गुरु पुरोहित जोशी र उप्रेती थिए ।

तराईमा महोत्तरी र धनुषा संस्कृत विद्याका केन्द्र थिए । प्राचीन कालदेखि नै मिथिला न्यायशास्त्रका लागि प्रसिद्ध रहेको छ । विद्वान यज्ञबल्क्य जनकपुर दरबारमा थिए र त्यहीँबाट वैदिक साहित्यको भण्डारलाई अझ समृद्ध पारे ।

### २.२.४ शाहकालमा शिक्षा

पृथ्वीनारायण शाहको शासनकालमा देशका लागि सैनिक सेवा सबैभन्दा ठूलो सेवा मानिन्थ्यो । महोत्तरी जिल्लामा त्यहाँका महन्तका मेहनतले पाठशाला चल्थ्यो । पशुपति राजराजेश्वरीघाटमा रानीपोखरी पाठशालाको श्रीगणेश भएको थियो । राजा पृथ्वीनारायणले बुद्धिमान सिंहलाई मासिक बीस रुपिँया छात्रवृत्ति दिएर फारसी भाषा पढ्न पठाएका र वैयाकरण केसरीलाई मासिक पचास रुपियाँ छात्रवृत्ति दिएर संस्कृत पढ्न पठाएका थिए । यसरी पढ्ने विद्यार्थीलाई छात्रवृत्तिको थालनी भएको थियो (नेशिइ १, पृ.३०) । उनका दरबारमा विद्वान्हरूको सम्मान हुन्थ्यो । छिमेकी मुलुकबाट नर्तकी, वादक र गायकलाई नबोलाउनु भनेका थिए । सम्बत् १८३१ मा मृत्युशैयाबाट दिएको उनका दिव्य उपदेशमा शिक्षा लगायत विभिन्न विषयमा उनका विचार पाइन्छन् ।

गीर्वाणविक्रम शाहले कास्कीमा पठनपाठनका लागि आवश्यक गुठीमा लालमोहर लगाइदिएको देखिन्छ । राजेन्द्र वीर विक्रम शाहको पालामा वनारसमा ललिताघाट, पशुपति मन्दिर, बनारसमा बसेका नेपालीका छोराछोरीका लागि जगदम्बा वालविद्यालय खोलिएको थियो ।

सम्वत् १९०३ मा कोतपर्वको घटना पछि जङ्ग बहादुर प्रधानमन्त्री भए । उनले भाइहरूलाई भनेका थिएस् "अरुकुरा छाडिदेउ आफ्ना छोराछारीलाई अङ्ग्रेजी पढाऊ" । त्यसको फलस्वरुप

१९१० मा दरवार स्कुलको स्थापना भएको थियो । १९१५ मा शिक्षाको तालुकी अड्डा ( डाइरेक्टोरेट) को स्थापना भई शिक्षा प्रशासनलाई गति दिने प्रयास भएको देखिन्छ । सम्वत् १९२५ मा नारायणहिटी पाठशाला र १९३०/ ३१ मा ल्हासाका नेपालीका लागि पाठशालाको व्यवस्था गरिएको थियो । १९३२ मा दिङ्लामा बाल ब्रह्मचारी षडानन्दबाट संस्कृत पाठशालाको स्थापना भएको थियो । १९३४ मा धीर शम्सेरले विन्ती गरेर रणोद्दीपको पालामा रानीपोखरी पाठशाला र रिडीमा विष्णुपुञ्जर पाठशाला स्थापना गरेका थिए । वि. सं. १९५० मा वीर शम्सेरले पोखराको विन्ध्यवासिनी र पाल्पाको लहरे पीपलमा पाठशाला स्थापना गरे । सम्बत् २०४१ मा गोत्रहत्याको पापबाट मुक्तिका लागि तीनधारा पाठशालाको पूर्वाधार खडा गरे र १९४५ मा पाठशाला बनाए ।

वीर शम्सेरका पालामा नेपालमा कस्तो शिक्षा हुनुपर्छ र माध्यम के हुनुपर्छ भनी छलफल भएको थियो । उनले आफ्ना छोरा गेहेन्द्रका साथ पाँच जवानलाई जापानमा प्राविधिक ज्ञानका लागि पठाए। गेहेन्द्रले स्वचालित पेस्तौल बनाए, किशोर नरसिंह, कुमार नरसिंहले घण्टाघर र राणा दरबारको डिजाइन गरे । चन्द्र शम्सेरले प्राविधिक शिक्षामा रुचि देखाएनन् ।

सम्बत् १९४७ मा वीर अस्पताल र १९५७ मा मेडिकल स्कुलको स्थापना भयो । १८६९ मा स्थापित पुस्तकालयलाई व्यवस्थित गरी वीर पुस्तकालय नाम दिए ।

देवशम्सेरले काठमाडौंमा ३५ भाषा पाठशाला र कन्या पाठशालाको स्थापना गरे । जय पृथ्वीबहादुरले ती पाठशालाका लागि पाठ्पुस्तक अक्षराङ्क तयार पारे । यो सम्भवतस् नेपालको पहिलो पाठ्यपुस्तक हो । देवशम्सेरले देशभरमा ३०० वटा पाठशालाहरू खोल्न ३ लाख रुपैयाँ छुट्याएर राखेका थिए । चन्द्र शमसेर जनताका छोरा छोरी पढाउने पक्षमा थिएनन् । त्यसैले देवशम्सेरले खोलेका पाठशालामा ध्यान दिएनन्, । ती पाठशालाहरू धेरै जसो आफै बन्द भए । अपजसबाट जोगिनका लागि उनले पनि केही स्कुल खोले । उपत्यका बाहिर १९७२ मा बारा चन्द्र मिडिल स्कूल, र १९८४ मा भवानीपुरमा चन्द्र मिडिल स्कूल, १९८५ मा नेपालगञ्जमा अङग्रेजी स्कुल खुल्यो । १९६० मा केटाकेटी पढाउने किताब तर्जुमा अड्डा र १९६२ मा स्रेस्ता पाठशाला खडा गरियो । १९६९मा जाँचपास अड्डा, १९७० मा गो.भा.पं.स र १९७७ मा. पाठशाला बन्दोबस्त अफिस खुल्यो । उच्चशिक्षा तर्फ १९७५ मा त्रिभुवन चन्द्र कलेज, १९८५ मा आयुर्वेदिक पाठशाला स्थापना गरे ।

भीमशम्सेरका पालामा १९८७ मा टेक्नीकल स्कूल र जुद्ध शम्सेरका पालामा कृषि स्कूलको स्थापना, १९९० मा सिभिल मेडिकल स्कूलको स्थापना हुनुका साथै एसएलसी बोर्ड गठन भयो । १९९३ मा शिक्षा बोर्ड गठन, १९९६ मा शिक्षा इस्तिहार, १९९८ मा इन्सपेक्टर अफ् स्कूलको स्थापना भयो । उनकै पालामा सम्बत् २००० मा बनारस हिन्दु विश्वविद्यालयमा नेपाल चेयरको स्थापना भयो ।

नेपालको शिक्षाको इतिहासमा यो इस्तिहारको ठूलो महत्व छ । त्यसैले यसको संक्षिप्त विवरण तल दिइएको छ ।

सम्वत् १९९५ साल चैत्र २८ गते खड्गनिशाना रिपोर्ट सदर भै संवत् १९९६ साल माघ ८ गते रोज १ मा जुद्ध शम्सेर राणाद्वारा जारी भएको सर्वसाधारण जनताका निमित्त शिक्षा विषयको पहिलो इस्तिहार हो । त्यसमा भनिएको छ,

“आगे नेपाल राज भरका भलाद्हमी रैती दुनियाँहरूके यथोचित उप्रान्त विद्याको उन्नति प्रचार गर्नालाई मोफसल स्थान स्थानमा दुनियाँ गर्फबाट प्राइभेट स्कुल खडा गर्न इच्छा हुनेले सो खोल्नलाई .....स्कुलको नियमको दफा खोली खड्गनिशाना रिर्पोट सदर भएको हुनाले स्कूलको नियम तिमीहरूलाई थाहा होओस् भन्नाका निमित्त यो इश्तिहार जारी गरी बक्सेको छं । सो बमोजिम विद्याको प्रचार गर्ने काम गर ।”

यसमा ४२ दफा र तीनका उपदफा रहेका छन् । शिक्षाको संगठन, संचालक समितिको बनोट, स्कूल निरिक्षण, जनसहभागिता, लिएर पढाउने व्यवस्था रहेको छ । दफा १मा कक्षा वर्गीकरण यसरी गरिएको छ । प्राथमिक खण्ड पहिला ३ क्लास, मध्यम खण्ड ४ क्लास देखि ७ क्लाससम्म अष्टम नवम दशम क्लास गरी कायम राखी स्कुल छुटयाउने । दफा २ मा सबै क्लासमा शिक्षा विभागबाट प्रकाश भएको पाठ्यक्रम बमोजिम पढाउने । दफा ३ मा प्राथमिक खण्डमा पैल्हा २ क्लासमा अडग्रेजी पढाउनु पर्दैन । दफा ४ मा अडग्रेजी र हिसाब अरु विषयको शिक्षाको माध्यमिक (माध्यम) नेपाली भाषा गराउनु पर्छ ।

दफा १ देखि १२ सम्म शिक्षाको तह। पाठ्यक्रम पाठ्यपुस्तक, पढाइको माध्यम, विद्यार्थी आचरण, शुल्क, छात्रवृत्ति, परीक्षा पद्धतिका वारेमा, दफा २५ मा सञ्चालक समितिको गठन विधि, दफा २६ मा विद्यालयले राख्नुपर्ने खातावहीहरू, खर्चविवरण, ३७ देखि ४० शिक्षक आचरण, कुनै संस्थाको सदस्य बन्न रोक आदिको व्यवस्था थियो ।

२००२ मा पद्मशम्सेर प्रधानमन्त्री बने । उनले २००४ सालमा संवैधानिक कानुन घोषणा गरी पाठशाला खोल्ने बन्देज खुकुलो गरिदिएकाले उनका पालामा जनता पाठशाला खोल्न हौंसिए । धरान, इलाम, भद्रपुर, राजविराजमा स्कुल खुले । फरेस्टर तालिम केन्द्र, खादी विद्यालय, पशु चिकित्सालय खुले । उनले संस्कृतलाई मृत भाषा भनेकोमा संस्कृतका विद्यार्थी आन्दोलनमा उत्रिए । अन्तिम राणा प्रधानमन्त्री मोहन शम्सेरले केही आधार स्कुल, मोहन कन्या मिडिल स्कूल, पाल्पा र २००५ सालमा विश्वविद्यालय बनाउने उद्देश्यले २५ सदस्यीय विश्वविद्यालय योजना सभा गठन भएको थियो । २००६ सालमा सरकारी पाठशाला र पब्लिक स्कुलको व्यवस्था गरियो ।

२००७ सालमा प्रजातन्त्र प्राप्ति पछिको सरकारले अधिराज्य भरिका शिक्षण संस्थाहरूलाई आर्थिक सहयोग तोक्ने, विद्यालयको पाठ्यक्रम तोक्ने, पढाइको माध्यम तोक्ने, शिक्षक योग्यता तोक्ने, नमूना विद्यालयको विकासका लागि कोषको व्यवस्था गरिदिने र अन्तराष्ट्रिय संस्थासँग सम्बन्ध जोडिदिने व्यवस्था अघि ल्यायो।

### २.२.५ प्रथम पञ्च वर्षीय योजनामा शिक्षा

टंक प्रसाद आचार्यको प्रधानमन्त्रीत्वको समयमा २०१२ साल असौज २२ गते प्रथम पञ्च वर्षीय योजनाको घोषणा । ३३ करोडको बजेटमा १ करोड ९० लाख शिक्षाका लागि । एकै किसिमको शिक्षाको प्रचार । योजना अवधिमा ६३० प्राथमिक, १२६ निम्न माध्यमिक, १० माध्यमिक विद्यालय खोलने, तिनका लागि प्राथमिकका लागि १८९०, निमका लागि ५०४ र मा.वि. का लागि १०० शिक्षक व्यवस्था गर्ने । २००७ साल अघि २२ हाइस्कुल रहेकोमा २०११ मा ६५ हाइस्कुल पुगेको देखिन्छ ।

२०१४ साल पुष २६ गते शिक्षा मन्त्रालयको सूचना यसले १९९६ सालको इस्तिहारमा केही संशोधन र परिमार्जन घोषणा गर्यो । २०१६ साल देखि एसएलसी परीक्षामा अनिवार्य रूपमा १०० पूर्णाङ्कको नेपाली भाषा अनिवार्य थियो ।

### २.२.६ वि.सं. २०१४ पछि शिक्षा विकासक्रम

शिक्षामा सुधार र विकास गर्ने उद्देश्य राखि २०११ सालमा योजना आयोगद्धारा राष्ट्रिय शिक्षा प्रणालीको आधार तयार गरिएको पाइन्छ । आधारभूत शिक्षाबाट वञ्चित नागरिकहरूलाई साक्षर बनाउने उद्देश्य राखि २०१२ सालबाट प्रौढ शिक्षाको सुरुवात गरिएको देखिन्छ । वि.सं २०१४

सालमा महाकवि लक्ष्मी प्रसाद देवकोटा शिक्षा मन्त्री हुनुले शिक्षालाई प्राथमिकता तथा सुधार गर्न खोजिएको बुझ्न सकिन्छ ।

वि.सं २०१६ सालमा जिल्ला शिक्षा निरीक्षक कार्यालयको स्थापना, सोही वर्ष त्रिभुवन विश्वविद्यालयको पहिलो दीक्षान्त समारोह साथै त्यही सालबाट बाल दिवश पनि मनाउन सुरु गरिएको थियो । शिक्षालाई समयानुकुल बनाउन १२ सदस्यीय सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८ सालमा गठन भई काम गरेको पाइन्छ । वि.सं २०२१ सालमा विशेष शिक्षाको सुधारका लागि राष्ट्रिय शिक्षा सल्लाहकार परिषद् गठन गरिएको थियो ।

वि.सं २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतीको योजना कार्यान्वयन गरी नेपालमा “नयाँ शिक्षा” को सुरुवात भयो । सोही वर्ष पाठ्यक्रम विकास केन्द्रको स्थापना, वि.सं २०३१ सालमा शिक्षाबाट कोहि वञ्चित हुन नपरोस भनि प्राथमिक शिक्षालाई निशुल्क घोषणा तथा वि.सं. २०३५ सालमा प्राथमिक तहमा पाठ्यपुस्तकको पनि निःशुल्क व्यवस्था गरि शिक्षामा सहज पहुँच पुऱ्याउन प्रयास गरिएको पाइन्छ ।

शिक्षामा सबैको सहभागिता गराई धेरै भन्दा धेरै शैक्षिक संस्थाहरूको स्थापना होस भन्ने उद्देश्य राखि वि.स.२०३७ सालबाट निजी क्षेत्रलाई पनि क्याम्पस खोल्न दिए पश्चात नेपालको शिक्षा क्षेत्रको विकासमा थप गति मिलेको पाइन्छ । शिक्षा क्षेत्रको विकास यस क्षेत्रमा रहेका समस्याको समाधान गर्ने उद्देश्यले वि.सं. २०३९ सालमा शाही उच्च शिक्षा आयोगको गठन तथा यही वर्ष विज्ञान तथा प्रविधिको क्षेत्रमा अध्ययन अनुसन्धान गर्न राजकिय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको स्थापना भएको थियो ।

वि स २०३७ साल देखि अहिले सम्मको शैक्षिक क्षेत्रको विकास तथा समस्यामा यो वीचमा भएको विभिन्न राजनैतिक परिवर्तनहरूको महत्वपूर्ण भूमिका रहेको पाइन्छ । व्यवस्था परिवर्तनसँगै विद्यालय र उच्च शिक्षामा पहुँचको विस्तार, गुणस्तर बृद्धि, शैक्षिक संस्थाहरूको व्यवस्थापकिय सुधार, परिक्षा प्रणालीमा परिवर्तन आदिका लागि उच्चस्तरिय आयोग, समितिहरू साथै यस क्षेत्रको सुधारका लागि विश्व बैक, एसिया विकास बैक लगायत दाताहरूको अनुदान, ऋणमा विभिन्न परियोजना, योजनाहरू लागु भएको पाइन्छ । यस्ता प्रयासहरूबाट शिक्षा क्षेत्रमा राम्रो सुधार भएको पाइन्छ तर शैक्षिक समस्याहरू राजनैतिक हस्तक्षेप र नियुक्तीका कारण यो क्षेत्र सधै विवादको क्षेत्र बन्ने गरेको पाइन्छ।

पछिल्लो राजनैतिक परिवर्तन पश्चात देश संघीयतामा प्रवेश गरेको छ । देशमा तीन तहको सरकार सक्रिय छन् । प्रत्येक तहको शिक्षाको अधिकार तथा कार्यक्षेत्र आ—आफ्ना छन् । विशेष गरेर आधारभूत देखि कक्षा १२ सम्मको शिक्षाको व्यवस्थापनको जिम्मा स्थानिय सरकारमा रहेको छ। नेपालको संविधानले शिक्षालाई निःशुल्कको व्यवस्था गरेकोले प्रत्यक तहका सरकारहरूको आफ्ना नगरिकहरूलाई आधारभूत शिक्षा प्रदान गर्नु दायित्व हो ।

## २.३ भौगोलिक र प्रशासनिक अवस्थिति र जनसाङ्ख्यिक विवरण

### २.३.१ नगरपालिकाको भौगोलिक अवस्थिति

लुम्बिनी सांँस्कृतिक नगरपालिका नेपालको लुम्बिनी प्रदेश अन्तर्गत रुपन्देही जिल्लाका पर्ने एक ऐतिहासिक,सांँस्कृतिक र पुरातात्विक महत्व रहेको नगरपालिका हो जुन रुपन्देही जिल्ला सदरमुकाम भैरहवादेखी पश्चिम तर्फ १८ कि.मी को दुरीमा अवस्थित छ । ८३ डिग्री १३ मिनेट देखि ८३ डिग्री २० मिनेट पूर्वी देशान्तर र २७ डिग्री २३ मिनेट ४० सेकेण्ड देखि २७ डिग्री ३२ मिनेट ३० सेकेण्ड उत्तरी अक्षांशमा अवस्थित लुम्बिनी सांँस्कृतिक नगरपालिका लुम्बिनी प्रदेशको र नेपालको मात्र नभएर विश्वकै एक अनुपम धार्मिक तथा पर्यटकीय गन्तव्य हो ।नगरपालिकाको पूर्वमा कोटहीमाई मायादेवी गाउँपालिका,पश्चिममा कपिलबस्तु जिल्ला,उत्तरमा गैडहवा गाँउपालिका र दक्षिणमा समरीमाइ गाउँपालिका र भारत पर्दछन् ।

### २.३.२ राजनैतिक तथा प्रशासनिक विवरण

नेपाल सरकारको २०७३ साल फागुन २२ गतेको निर्णय अनुसार साविकका लुम्बिनी सांँस्कृतिक नगरपालिका २१ वटा वडाहरुलाई समावेश गरि १३ वटा वडा कायम गरि गठन भएको हो। नेपाल सरकारको मिति २०७१/०१/२५ गतेको निर्णय अनुसार यस नगरपालिकामा साविकका भगवानपुर, लुम्बिनी आदर्श, तेनुहवा, एकला, खुदाबगर, मधुवनी र मसिना गा.वि.स. समावेश गरी जम्मा १८ वडाहरु रहेका थिए भने मिति २०७२ पुष २१ गते साविकको आमा गा.वि.स. समावेश गरि जम्मा २१ वडा कायम गरिएको थियो । नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित नगरपालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णय अनुसार माननिय संघिय मामिला तथा स्थानिय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकका लुम्बिनी सांँस्कृतिक नगरपालिकामा रहेका २१ वडा

लाई समावेश गरि १३ वटा वडाहरु कायम गरिएको छ । लुम्बिनी साँस्कृतिक नगरपलिकाको संरचना तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका १. राजनैतिक तथा प्रशासनिक विवरण**

| कायम गरिएका वडाहरु | समावेश भएका साविकका गा.वि.स. र न.पा | साविक को वडा नं. |
|---|---|---|
| १ | भगवानपुर | १-४ |
| २ | भगवानपुर | ५-९ |
| ३ | लुम्बिनी आदर्श | २-५ |
| ४ | लुम्बिनी आदर्श | १, ६-९ |
| ५ | तेनुहवा | २, ३, ५, ९ |
| ६ | तेनुहवा | १, ४, ६-८ |
| ७ | एकला | ४, ५,८,९ |
| ८ | एकला | १-३ |
| ९ | खुदाबगर | १-९ |
| १० | मधुवनी | १-९ |
| ११ | एकला | ६,७ |
| ११ | मसिना | १-९ |
| १२ | आमा | १-६ |
| १३ | आमा | ७-९ |

## २.३.३ नगरपालिकाको जनसाङ्ख्यिक विवरण

नेपाल स्थित संयुक्त राष्ट्र सङ्घीय जनसङ्ख्या कोष (UNFPA) का अनुसार सन् १९९५ देखि नेपालको जनसाङ्ख्यिक प्रवृत्तिमा सारभूत भिन्नताहरू देखापरेका छन् । यस प्रकारको भिन्नता देखा पर्नुका पछाडि घट्दो जन्मदर र मृत्युदर, बढ्दो औसत आयु, पहिलो विवाह गर्दाको बढ्दो उमेर र शहर केन्द्रित तथा सुविधाहरू केन्द्रित बसाइसराइहरू मुख्य कारणहरू रहेको विश्लेषण छ । कम विकसित राष्ट्रको तहबाट मध्यम आय भएका मुलुकहरूको स्तरमा पुग्न राष्ट्रिय योजना आयोगले दिगो विकासका लक्ष्यअनुरूप राखेको परिमाणात्मक लक्ष्य हासिल गर्न जनसाङ्ख्यिक चरहरूमा सकारात्मक सङ्केतहरू देखा पर्नु आवश्यक रहेको परि प्रेक्ष्यमा माथिको जनसाङ्ख्यिक विश्लेषण सकारात्मक दिशातर्फ नै उन्मुख देखिन्छ ।

केन्द्रिय तथ्याङ्क विभागले सन् २०१४ मा प्रकाशन गरेको Population Monograph of Nepal (Vol. 1) मा समेत सन् १९९१—२००१ को औसत जनसङ् ख्या वृद्धिदर २.२५% प्रतिशतबाट घटेर

सन्  २००१—२०११ मा १.३५ प्रतिशत र २०११—२०२१ मा ०.९३ प्रतिशत कायम हुनुका पछाडि जनसाङ् ख्यिक चरहरू जस्तैः ठूलो संख्यामा युवाहरू विदेशिनु, जनचेतनामा भएको सकारात्मक परिवर्तन, एकात्मक परिवारको संख्यामा वृद्धि आदिलाई ठानेको छ । अर्कोतर्फ आन्तरिक बसाइ सराइको प्रवृत्तिलाई हेर्दा हिमाल र पहाडबाट तराईतर्फ र ग्रामीण भेगहरूबाट शहरी केन्द्रहरूतर्फ बसाइसराइ गर्ने र एकात्मक परिवारको संख्या बढ्दै गएको देखिन्छ । यस प्रकारको बसाइसराइको प्रवृत्तिले गर्दा काठमाडौं उपत्यका, तराई तथा देशका अन्य शहरी केन्द्रहरूमा जनसंख्या वृद्धिको अत्यधिक चाप हुने र हिमाली तथा पहाडी जिल्लाहरू र विकट ग्रामीण क्षेत्रहरूमा जनसंख्या वृद्धिदर ऋणात्मक समेत देखिन थालेको छ । यो प्रवृत्तिले निम्त्याएको अर्को पक्ष हो अनुपस्थित जनसंख्या अर्थात् काम वा रोजगारीको सिलसिलामा ६ महिना वा सो भन्दा बढी समय आफ्नो मूल थलो छोडेर बाहिरिने जनसंख्या सन्  २००१ मा कुल ७,६२,१८१ हुँदा सन्  २०११ को तथ्याङ्कमा १९,२१,४९४ देखिन्छ । यो क्रम पछिल्ला वर्षहरूमा थप वृद्धि भएको अनुमान गर्न सकिन्छ । साथै नेपालमा पछिल्ला वर्षहरुमा ग्रामिण क्षेत्रको तुलनामा शहरमा बस्ने जनसंख्यामा उल्लेख्य बृद्धि भएको छ राष्ट्रिय जनगणना २०७८ का अनुसार हाल कुल जनसंख्याको ६६.०८% जनसंख्या शहरी केन्द्रमा बसोबास गर्दछ । नेपालमा जनसंख्या वृद्धिदरको प्रवृति विश्लेषण गर्दा विगतका वर्षहरूमा उच्च वृद्धिदर हुँदै हालका वर्षहरूमा केही घटिरहेको अवस्थामा छ । केन्द्रिय तथ्यांक विभागले हालै सार्वजनिक गरेको २०७८ को प्रारम्भीक प्रतिवेदनको नतिजा अनुसार लुम्बिनी साँस्कृतिक नगरपालिकाको कुल जनसंख्या ८८०९० मध्ये ४३७०६ पुरुष र ४४३८४ महिला रहेका छन् भने नगरपालिकाको परिवार संख्या १३८५४ रहेको छ ।

नगरपालिकाद्वारा प्रकाशित पार्श्वचित्रले उधित राष्ट्रिय जनगणना, २०६८ अनुसार यस नगरपालिकामा रहेका कुल ९९६४ घरपरिवारमा अक्सर बसोबास गर्ने ३६,१३७ पुरुष र ३६,३६० महिला गरी जनसंख्या ७२,४९७ रहेको थियो । नगरपालिकामा अनुपस्थित र अक्सर बसोबास गर्नेहरूको कुल जनसंख्या ४०२९७ रहेको देखिन्छ ।सोही अनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या ९९.३९ रहेको छ । जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसंख्या) ६४६ जना प्रति वर्ग किलोमिटर रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरपालिकाको कुल जनसंख्या मध्ये ५०.९७ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका, ४१.३२ प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका, र ७.७१ प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो

उमेर समूहका रहेका छन् ।यस नगरपालिकामा प्रति परिवार औषत ७.२९ जना सदस्य रहेको देखिन्छ ।

विगतको जनसंख्याको वृद्धिदर विश्लेषण गर्दा आगामी दिनहरूमा यस नगरपालिकाको जनसंख्यामा उल्लेख्य वृद्धि हुने अवस्था देखिँदैन । वि.सं. २०६८ को राष्ट्रिय जनगणना अनुसार कुल ७२,४९७ जनसंख्या रहेकोमा २०७८ सालको प्रारम्भिक नतिजाअनुसार कुल ८८०९० जनसंख्या रहेको छ। यस हिसाबले जनसंख्या वृद्धिदर २.१५ प्रतिशत वृद्धिदरको प्रवृत्ति विश्लेषण गर्दा आगामी पाँच वर्षमा अर्थात् वि.सं. २०८२ सालमा हालका जनसाङ्ख्यिक चलहरू यथावत रहेमा जनसंख्या वृद्धि भई कुल ९७,९९४ जनसंख्या हुने अनुमान गरिएको छ । जनसंख्याको वृद्धिदर यही कायम रहेमा निकट भविष्यमा यस नगरपालिकाको जनसंख्या चाप अधिक हुने देखिन्छ ।

**तालिका २ जनसंख्या विवरण**

| विवरण | वि.सं. २०७८ |
|---|---|
| जम्मा जनसंख्या | ८८०९० |
| पुरुष | ४३७०६ |
| महिला | ४४३८४ |
| अनुपस्थित जनसंख्या | - |
| लैंगिक दर (प्रति १०० महिलामा पुरुषको संख्या) | ९८.५ |
| जम्मा घरधुरी संख्या | १०७३६ |
| औसत परिवार आकार | ६.३६ |
| जम्मा क्षेत्रफल (वर्ग कि.मी.) | ११२.२१ |
| जनघनत्व (प्रतिवर्ग कि.मी.) | ७८५ |
| 0-14 वर्ष उमेरसमूहका जनसंख्या (आर्थिकरूपले आश्रित जनसंख्या) | |
| 15-59 वर्ष उमेरसमूहका जनसंख्या (आर्थिकरूपले सक्रिय जनसंख्या) | |
| ६० वर्षभन्दा बढी उमेरसमूहका जनसंख्या (आर्थिकरूपले आश्रित जनसंख्या) | |

स्रोतः राष्ट्रिय जनगणना २०७८ प्रारम्भिक नतिजा

## तालिका ३. वडागत जनसंख्याको विवरण

| वडा नं | जम्मा क्षेत्रफल | औषत घरधुरी आकार | जम्मा घरधुरी संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| १ | ६.०२ | ७.३२ | ६४४ | ४७१६ | २३८४ | २३३२ | ७८३ |
| २ | ७.३२ | ७.३० | ९४० | ६८६१ | ३५०२ | ३३५९ | ९३७ |
| ३ | ४.४९ | ७.४३ | ६२५ | ४६४३ | २२९२ | २३५१ | १०३४ |
| ४ | १२.३८ | ७.७२ | ७४६ | ५७५९ | २८६५ | २८९४ | ४६५ |
| ५ | ५.६१ | ७.२० | ६८४ | ४९२५ | २३२३ | २६०२ | ८७८ |
| ६ | ९.०१ | ७.७२ | ७५१ | ५७९७ | २८०८ | २९८९ | ६४३ |
| ७ | ९.११ | ७.५५ | ५९२ | ४४७२ | २२७१ | २२०१ | ४९१ |
| ८ | ६.१९ | ७.७९ | ४५४ | ३५३६ | १७३३ | १८०३ | ५७१ |
| ९ | ७.७९ | ७.७० | ६८७ | ५२९१ | २५७३ | २७१८ | ६७९ |
| १० | १०.४२ | ६.५३ | १०७३ | ७००२ | ३६०२ | ३४०० | ६७२ |
| ११ | १४.९५ | ७.१९ | ११३५ | ८१५५ | ४००३ | ४१५२ | ५४५ |
| १२ | १०.७५ | ६.७२ | १०२४ | ६८८३ | ३४७२ | ३४११ | ६४० |
| १३ | ८.१७ | ७.५४ | ५९१ | ४४५७ | २३०९ | २१४८ | ५४६ |
| जम्मा | ११२.२१ | ७.२९ | ९९४६ | ७२४९७ | ३६१३७ | ३६३६० | ६४६ |

*स्रोत : लुम्बिनी साँस्कृतिक नगरपालिका पार्श्वचित्र, २०७८*

माथिको तालिका अनुसार वि.सं. २०७८ लुम्बिनी साँस्कृतिक नगरपालिका पार्श्वचित्रमा नगरपालिकाको कुल जनसंख्या ७२४९७ रहेको छ । वडागत जनसंख्याको तुलनात्मक विश्लेषण गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडा नं १० रहेको छ जसमा जम्मा जनसंख्या ७००२ (पुरुष ३६०२ ,महिला ३४०० जना) रहेका छन् भने सबैभन्दा थोरै जनसंख्या भएको वडा नं. ८ रहेको छ जसको जनसंख्या ३५३६ (पुरुष १७३३ महिला १८०३ जना) रहेका छ ।




## २.४ शिक्षा

मानविय मुल्य एवं मान्यतालाई आत्मसाथ गरी आधुनिक प्रविधिबाट दैनिक कार्य सम्पादन गर्न सकिने नागरिक तयार गर्नु शिक्षाको मुख्य उद्देश्य हो । तसर्थ सबै शैक्षिक प्रक्रियाहरूलाई आम नागरिक तथा बालबालिकाको दैनिक जीवनसँग तालमेल राख्दै स्थानीय ज्ञान तथा आधुनिक ज्ञानको उपयुक्त समायोजन गरी स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति तयार गर्नु पनि गुणस्तरीय तथा उपलब्धिमूलक शिक्षाको मूल उद्देश्य हो । वर्तमान युगमा एउटा कोरा सैद्धान्तिक शिक्षाबाट उत्पादित जनशक्तिले देश विकासमा टेवा पुऱ्याउन कदापि सक्दैन । देश विकासमा टेवा पुऱ्याउनका लागि सिपमूलक प्रविधि र ज्ञान हासिल गरेका दक्ष जनशक्तिको आवश्यकता पर्दछ । संविधानको भाग ४, धारा ५१ (ज) (१) ले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिष्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने, यसका लागि (२) ले शिक्षा क्षेत्रमा राज्यको लगानि अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति अख्तियार गरेको छ । सो अनुरुप क्षमतावान र गुणस्तरीय शैक्षिक जनशक्ति उत्पादन गर्नका लागि सामुदायिक, निजी र सरकारी क्षेत्रको सहकार्य अपरिहार्य रहेको छ । यसै उद्देश्य अनुरुप यस नगरपालिकामा विभिन्न स्तरका शैक्षिक संस्थाहरू संचालन हुँदै आएका छन् ।

### २.४.१ शैक्षिक संस्थाहरुको विवरण

यस नगरपालिकामा विभिन्न शैक्षिक संस्थाहरू संचालन हुँदै आएका छन् । हाल नगरपालिकामा बालविकास, आधारभूत, प्राथमिक र माध्यमिक गरी ३२ वटा सामुदायिक विद्यालय रहेका छन् जसमध्ये ३ वटामा प्राविधिक शिक्षालय रहेको छ । नगरपालिकामा २९ वटा संस्थागत विद्यालयहरु, ३७ वटा मदरसा, १ वटा स्नातक कलेज र १ वटा लुम्बिनी बौद्ध विश्वविद्यालय रहेका छन् भने ८ वटा सामुदायिक सिकाई केन्द्रहरु रहेका छन् । नगरपालिकाको आधारभूत तहको साक्षरताको स्थिति सन्तोषजनक भएतापनि पूर्ण हुन नसकेको अवस्था रहेको छ भने माध्यमिक तथा उच्च शिक्षाको क्षेत्रमा पर्याप्त लगानी गर्नुपर्ने देखिन्छ । अर्कोतर्फ आधारभूत र माध्यमिक तहमा विद्यालय पाठ्यक्रममा रहेको विज्ञान र प्रविधिको सामान्य औपचारिक अध्यापन बाहेक विज्ञान र प्रविधि विकासमा थप प्रयासहरू हुन सकेका छैनन् ।

**तालिका ४. शैक्षिक संस्थाहरुको संख्यागत विवरण**

| क्र. सं. | विवरण | | | जम्मा संख्या |
|---|---|---|---|---|
| १ | विश्व विद्यालय | | | १ |
| २ | सामूदायिक विद्यालय | सरकारी क्याम्पस | | १ |
| | | मा.वि | १२ सम्म | ६ |
| | | | १० सम्म | २ |
| | | आधारभूत | | ९ |
| | | प्रा.वि | | १४ |
| | जम्मा सामूदायिक विद्यालय | | | ३२ |
| ३ | धार्मिक / मदरसा विद्यालय | मा.वि | | १ |
| | | आधारभूत | | ५ |
| | | प्रा.वि | | ३० |
| | जम्मा मदरसा | | | ३६ |
| ४ | संस्थागत विद्यालय | मा.वि | | ५ |
| | | आधारभूत | | ७ |
| | | प्रा.वि | | १८ |
| | जम्मा संस्थागत विद्यालय | | | ३० |
| **कुल जम्मा विद्यालय** | | | | ९९ |

*स्रोतः लुम्बिनी साँस्कृतिक नगरपालिका पार्श्वचित्र, २०७८*

## क. सामुदायिक विद्यालयको विवरण

नगरपालीकामा रहेका ३२ वटा सामुदायिक विद्यालय मध्ये आठ वटा मा. वि. (६ वटा कक्षा १२ सम्म र २ वटा १० सम्म) स्तरका, नौ वटा आ,वि., र १४ वटा प्रा. वि. स्तरका विद्यालय रहेका छन् ।३२ वटा विद्यालय मध्ये सबैभन्दा बढी वडा नं. २ मा ६ वटा वडा नं ११ मा ४ वटा र वडा नं. ८ मा ३ वटा रहेका छन् । सबैभन्दा कम सामुदायीक विद्यालय वडा नं. ४, वडा नं. १४, वडा नं. ९ र वडा नं. १ मा १/ १ वटा रहेका छन् भने वडा नं. ५ मा २ वटा, वडा नं. १३ मा २ वटा, वडा नं. ६ मा २ वटा, वडा नं. ७ मा २, वडा नं. १० मा २ वटा सामुदायीक विद्यालय रहेका छन् । यस नगरपालिकामा संचालित सामुदायिक विद्यालयहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५. नगरपालिकामा रहेका सामुदायिक विद्यालयहरुको विवरण**

| क सं | विद्यालयको नाम | ठेगाना | प्र अ को नाम | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | बुद्ध आदर्श मा.वि. | लु.सां.न.पा.—२ | नन्दकिशोर कुर्मी | ९८१६४३०२९७ |
| २ | बलरामपुर मा.वि. | लु.सां.न.पा.—२ | राकेशचन्द्र श्रीवास्तव | ९८४७३८८३९७ |
| ३ | आमा मा.वि. | लु.सां.न.पा.—१२ | जनार्दन प्र शुक्ल | ९८६७०३९७२८ |
| ४ | मसिनाबाबा न.मो. मा.वि. | लु.सां.न.पा.—११ | सफिउल्लाह खान | ९८०८४१८८७१ |
| ५ | मधुवनि मा.वि. | लु.सां.न.पा.—६ | मइनुद्दिन खान | ९८११९१२९४५ |
| ६ | कर्महवा मा.वि. | लु.सां.न.पा.—७ | लक्ष्मण आले मगर | ९८६७००१७०५ |
| ७ | खुदाबगर मा.वि. | लु.सां.न.पा.—८ | प्रकाश प्रसाद शुक्ल | ९८५७०११०१२ |
| ८ | तेनुहवा सा.मा.वि. | लु.सां.न.पा.—६ | मो इलियास मुसलमान | ९८१९४००९४४ |
| ९ | लुम्बिनी आधारभूत विद्यालय | लु.सां.न.पा.—१० | सन्तराम प्रसाद यादव | ९८४७०४४९१८ |
| १० | जनता आधारभूत विद्यालय | लु.सां.न.पा.—११ | हिरालाल श्रीवास्तव | ९८११४१०७८२ |
| ११ | राम जानकी आधारभूत विद्यालय | लु.सां.न.पा.—४ | दिनेशलाल श्रीवास्तव | ९८४७०५४२७९ |
| १२ | तरकुलहा आधारभूत विद्यालय | लु.सां.न.पा.—५ | जमुना विश्वकर्मा | ९८०७४०७६६९ |
| १३ | कारीदह आधारभूत विद्यालय | लु.सां.न.पा.—१४ | दिलिप यादव | ९८१६४३१०२५ |
| १४ | गौतमबुद्ध आधारभूत विद्यालय | लु.सां.न.पा.—२ | नन्दराम यादव | ९८०६९८८३७३ |
| १५ | सरस्वति आधारभूत विद्यालय | लु.सां.न.पा.—११ | अशोक कु गौड | ९८१७५०३७५३ |
| १६ | अँधियारी आधारभूत विद्यालय | लु.सां.न.पा.—८ | वजहुल कमर | ९८०४४२७८०९ |
| १७ | भगवानपुर आधारभूत विद्यालय | लु.सां.न.पा.—1 | श्यामसुन्दर मौर्य | ९८४७२८३११९ |
| १८ | गणेश प्रा.वि. | लु.सां.न.पा.—१३ | विरेन्द्रलाल श्रीवास्तव | ९८४७२८३२१९ |

| क्र सं | विद्यालयको नाम | ठेगाना | प्र अ को नाम | सम्पर्क नं |
|---|---|---|---|---|
| १९ | राम जानकी प्रा.वि. | लु.सां.न.पा.—१२ | प्रमोद कु श्रीवास्तव | ९८६७२२५७३९ |
| २० | बुद्ध प्रा.वि. | लु.सां.न.पा.—12 | हरिशचन्द्र लोध | ९८१६४३०२७७ |
| २१ | ज्ञानकुञ्ज प्रा.वि. | लु.सां.न.पा.—२ | अखलेश कु त्रिपाठी | ९८६७४१९२३७ |
| २२ | शिवशक्ति प्रा.वि. | लु.सां.न.पा.—२ | विरेन्द्र यादव | ९८१९४८४८०२ |
| २३ | दुर्गा प्रा.वि. | लु.सां.न.पा.—१२ | सन्तराम प्रसाद लोध | ९८४७२८१६६७ |
| २४ | पडरिया प्रा.वि. | लु.सां.न.पा.—५ | भुल्लन प्र यादव | ९८१९४१३६७५ |
| २५ | नेपाल राष्ट्रिय प्रा.वि. | लु.सां.न.पा.—२ | राजाराम विश्वकर्मा | ९८२१४८६५०६ |
| २६ | बालज्योति प्रा.वि. | लु.सां.न.पा.—११ | प्रकाशचन्द्र यादव | ९८०७५१२१६५ |
| २७ | मायादेवी प्रा.वि. मनौरी | लु.सां.न.पा.—८ | त्रिपुरारी बरई | ९८२१९५८००९९ |
| २८ | अमारी प्रा.वि. अमारी | लु.सां.न.पा.—९ | श्रीनेवास बरई | ९८१२५४७३२२ |
| २९ | सरस्वति प्रा.वि. सोनवल | लु.सां.न.पा.—१२ | जमाल अहमद खान | ९८०७४१३००५ |
| ३० | सिद्दार्थ प्रा.वि. अधियारी | लु.सां.न.पा.—७ | अल्ताफ हुसेन खान | ९८०४४२४२१० |
| ३१ | दिव्यज्योति प्रा.वि. मधुवनी | लु.सां.न.पा.—१० | राजकुमार बरई | ९८०७४७८४२६ |
| ३२ | लुम्बिनी ज्ञानप्रभा प्रा.वि. लक्ष्मीपुर | लु.सां.न.पा.—१३ | मोतिलाल यादव | ९८५७०११६४८ |

*स्रोतः लुम्बिनी साँस्कृतिक नगरपालिका शिक्षा शाखा, २०७९*

## ख. निजी विद्यालयको विवरण

शिक्षा क्षेत्रको विकासका लागि सामुदायिक विद्यालय संग संगै संस्थागत विद्यालयको पनि उत्तिकै भूमिका रहेको छ । अहिलेको समयमा सामुदायिक विद्यालयको शैक्षिक स्तर खस्किंदो अवस्थामा रहँदा निजी विद्यालयहरुले आफ्नो शैक्षिक स्तर निकै माथि पुऱ्याएका छन् । लुम्बिनी साँस्कृतिक नगरपालिकामा कुल २९ वटा निजी विद्यालय रहेका छन् । वडा नं. १२ मा सबैभन्दा धेरै ६ वटा र वडा नं. ६ मा ५ वटा निजी विद्यालय रहेका छन् भने वडा नं. १०,११, १ र ४ मा ३/ ३ वटा , वडा नं. १३ मा २ वटा र वडा नं. २, ७, ८ र ९ १/ १ वटा निजी विद्यालयहरू रहेका छन् । कुल २९ मध्ये जम्मा पाँचवटा मा. वि. स्तरका निजी विद्यालय छन् भने अन्य आधारभूत विद्यालय रहेका छन् । यस नगरपालिकामा रहेका निजी विद्यालयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका ६. लुम्बिनी साँस्कृतिक नगरपालिकामा रहेका निजी विद्यालयहरूको विवरण

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | वडा नं. | अनुमति कक्षा | सञ्चालित कक्षा | प्रधानाध्यापकको नाम | फोन नं. |
|---|---|---|---|---|---|---|---|
| १ | प्रतिभा ई.बो.स्कूल | लु.साँ.न.पा. १ मधुवनी | १ | १० | १० | श्रीराम यादव | ९८११९३९७९५ |
| २ | बुद्धमाया इ.स्कूल | लु.साँ.न.पा.- १ खुनगाई | १ | | ४ | शारदा प्रसाद कुर्मी | ९८०५४९३१५९ |
| ३ | बुद्ध लाइट ई.स्कूल | लु.साँ.न.पा.- १ भगवानपुर | १ | | ८ | राम लखन हरिजन | ९८०७४१८२५७ |
| ४ | बुद्ध शाइन स्टार ई.ब्रो.स्कूल | लु.साँ.न.पा.- २ मुजहाना | २ | | ७ | राम देव मौर्य | ९८१६४१६९६९ |
| ५ | ग्रीनवे ग्लोवल हेरिटेज स्कूल | लु.साँ.न.पा. ४ पडरिया | ४ | | २ | जय प्रकाश श्रीवास्तव | ९८४४७१४५४८ |
| ६ | मायादेवी एकेडेमी | लु.साँ.न.पा.-४ ठूलो महुवारी | ४ | | ४ | शिव नन्दन हरिजन | ९८११४११४८८ |
| ७ | श्री माता फूलमति शिक्षा निकेतन | लुसाँनपा -४ अमारी | ४ | ३ | ३ | रमाकान्त बढई | ९८२७५४६५४७ |
| ८ | एसपायर ई.स्कूल | लु.साँ.न.पा. ६ एकला | ६ | | ५ | अब्दुल कलाम | ९८०४४८२०८३ |
| ९ | जेम्स मोडल स्कूल | लु.साँ.न.पा. ६ पर्सा | ६ | | १ | असरफ खान | ९८५७०११०८० |
| १० | लर्डबुद्ध ई.बो.स्कूल | लु.साँ.न.पा. ६ मनौरा | ६ | | ५ | महेन्द्र यादव | ९८०६९४३५६७ |
| ११ | सिद्धार्थ जन्मस्थली ई. स्कूल | लु.साँ.न.पा.- ६ पर्सा | ६ | १० | १० | तिलकराम यादव | ९८४७२०२८२० |
| १२ | नव जीवन इ.बो. स्कूल | लु.साँ.न.पा.- ६ रमवापुर | ६ | १० | १० | शिव कुमार यादव | ९८०७५७१०६९ |
| १३ | जीवन ज्योति ई. स्कूल | लु.साँ.न.पा.- ७ भैसहीया | ७ | | ५ | राम औतार यादव | ९८२४४३२९९१ |
| १४ | मुनलाईट ई.बो. स्कूल | लु.साँ.न.पा. ८ एकला | ८ | | ५ | घनश्याम यादव | ९८०६९०७५२० |
| १५ | दिब्य ज्योति ई.बो. स्कूल | लु.साँ.न.पा.- ९ रमावापुर | ९ | | ७ | राम देव मौर्य | ९८१६४१६९६९ |
| १६ | बोधी किड्स मन्टेन्सरी | लु.साँ.न.पा. -१० महिलवार | १० | | २ | प्रनिता शर्मा | ९८४७०४५६९५ |
| १७ | करुणा महिला विद्यालय शैक्षिक गुठी | लु.साँ.न.पा. १० महिलवार | १० | १० | १० | शंकर प्रसाद | ९८४७०३१८६३ |
| १८ | मेत्ता गुरुकुल (शैक्षिक गुठि) | लु.साँ.न.पा. १० महिलवार | १० | १० | १० | लोचन बामजन | ९८०४४८०६७१ |

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | वडा नं. | अनुमति कक्षा | सञ्चालित कक्षा | प्रधानाध्यापकको नाम | फोन नं. |
|---|---|---|---|---|---|---|---|
| १९ | अलइहसान मोडल एकेडेमी | लु.साँ.न.पा. -११ | ११ | | ३ | मजीबुल्लाह शेष | ९८४७२१६६९७ |
| २० | गोल्डेन ई.बो. स्कूल | लु.साँ.न.पा.- ११ मसिना | ११ | | ५ | राम प्रसाद यादव | ९८१९४१८८३३ |
| २१ | ज्ञान कुञ्ज शिक्षा निकेतन | लु.साँ.न.पा.- ११ मोगलहा | ११ | | ४ | फिरोज अहमद | ९८२४४४४०६६ |
| २२ | इमान एकेडेमी | लु.साँ.न.पा. १२ आमा | १२ | | २ | अब्दुल रहिम | ९८११५३१५८७ |
| २३ | न्यू डिलाईट ई.बो.स्कूल | लु.साँ.न.पा. १२ आमा | १२ | | ३ | बिमल प्रसाद लोध | ९८११५४१३९७ |
| २४ | मायादेवी ई.स्कूल | लु.साँ.न.पा. १२ आमा | १२ | | २ | धनपत यादव | ९८०५४०२३९७ |
| २५ | सरस्वती शिक्षा निकेतन | लु.साँ.न.पा.- १२ सोनवल | १२ | | १ | उमेश यादव | ९८२१५२१६४६ |
| २६ | सनराईज ग्लोबल एकेडेमी | लु.साँ.न.पा.- १२ बन्जरही | १२ | | ४ | रामराज लोध | ९८०७५७१०८ |
| २७ | बुद्ध गार्डेन ई.बो.स्कूल | लु.साँ.न.पा.- १२ आमा | १२ | | ७ | त्रिभुवन यादव | ९८२४४६९५२३ |
| २८ | बुद्ध ग्रेस इ.स्कूल | लु.साँ.न.पा.- १३ कालीदह | १३ | | ४ | दिलिप कुमार लोध | ९८०६९०८९४७ |
| २९ | लुम्बिनी ब्राइट ई.ब्रो. स्कूल | लु.साँ.न.पा.- १३ कालीदह | १३ | | ४ | सफात खान | ९८६७००१७३५ |

*स्रोतः लुम्बिनी साँस्कृतिक नगरपालिका शिक्षा शाखा, २०७९*

## ग. मदरसाको विवरण

| ३.१.२ अभिभावकहरूको बालबालिका प्रतिको दायित्व र व्यवहारका सूचकहरूबारे स्थानीयस्तरमा विभिन्न संचार माध्यमहरू मार्फत प्रचार प्रसार गरिनेछ । |
| ३.१.३ वार्षिक पात्रोको विकास गरी हरेक विद्यालयहरूमा नियमित रुपमा बालबालिकाको वस्तुस्थिति बारे शिक्षक-अभिभावक अन्तरक्रिया गरिनेछ । |
| ३.१.४ आधारभूत विद्यालय जाने उमेरका बालबालिकाहरूलाई घरेलु काममा लगाई वा अन्य कारणले विद्यालय भर्ना हुनबाट बञ्चित गराउनु दण्डनिय हो भन्ने विषयको ज्ञान हरेक अभिभावकलाई गराउन विशेषगरी विद्यालय जानबाट बञ्चित बालबालिकाका अभिभावकहरूलाई सचेत तुल्याउने अभियान संचालन गरीनेछ । |
| ३.१.५ आफ्ना बालबालिका शैक्षिक कृयाकलाप अभिभावकहरू समेतको भूमिका हुनेगरी परियोजना कार्य वा गृहकार्य दिन पाठ योजनाहरू निर्माण गरी लागु गरिनेछ । |
| ३.१.६ बाल मनोविज्ञानका बारेमा वैज्ञानिक ज्ञान प्रदान गर्न कम्तीमा वर्षमा १ पटक हरेक अभिभावकहरूलाई मनोविदहरूको सहयोगमा अभिमुखिकरण गरिनेछ । |
| ३.१.७ विशेष स्याहार तथा सहयोग आवश्यक पर्ने अपाङ्गता भएका बालबालिका, अटिजम वा मानसिक अपाङ्गता भएका बालबालिकाका अभिभावकहरूले ध्यान दिनुपर्ने विषय समेटेर उनीहरूलाई विशेष अभिमुखिकरण गरिनेछ । |
| ३.१.८ बालबालिका तथा उनीहरूका अभिमुखिकरण सम्मिलित खेलहरूको माध्यबाट एक आपसमा आत्मियता प्रकट गरी बालबालिहरूलाई हाम्रा अभिभावक हाम्रो साथ छन् भन्ने भावना जागृत गरिनेछ । |

### ३.१.४ माध्यामिक शिक्षाका समग्र पक्षहरू

**उद्देश्य ४ : समाज र राष्ट्रका लागि सक्षम, कर्मठ, नैतिकवान र पौरखी मानवश्रोत उत्पादन गर्न माध्यामिक शिक्षाका समग्र पक्षहरूको सबलिकरण गरी प्रतिफल मुखी तुल्याउनु ।**

रणनीति

४.१ नयाँ प्रावधान अनुरुप ९ देखि १२ कक्षा सम्म माध्यामिक शिक्षाको संरचनागत पूर्णता दिई माध्यामिक शिक्षाको समग्र विकास सहित सबै बालबालिकाको पहूँच सुनिश्चित गर्ने ।

| कार्यनीति | |
|---|---|
| ४.१.१ | प्रारम्भिक बाल विकास देखि कक्षा १२ सम्म संचालन नभएका विद्यालयहरूलाई आधारभूत सहितको माध्यामिक शिक्षा प्रदान गर्ने पूर्ण संरचनामा लैजान नक्साङ्कन गरिनेछ। |
| ४.१.२ | शुन्य जोड २ कार्यक्रम मात्र संचालन भैरहेका शिक्षण संस्थालाई निश्चित समयसीमा भित्र माध्यामिक शिक्षा वा आधारभूत सहितको माध्यामिक शिक्षा प्रदान गर्ने संस्थामा रुपान्तर गरिनेछ । |
| ४.१.३ | माध्यामिक शिक्षा पुरा गर्न चाहने सबैका लागि निशुल्क माध्यामिक शिक्षा प्रदान गर्न विपन्न लक्षित अनुदान र छात्रवृत्तिको प्रबन्ध गरिनेछ । |
| ४.१.४ | माध्यामिक तहमा विशिष्टिकृत विषयको अध्यापन हुने विद्यालयहरू जस्तै व्यवसायिक, संगीत, आयूर्वेद, कृषि लगायतका विद्यालय स्थापना गर्न संम्भावना अध्ययन गरिनेछ । |
| ४.१.५ | हाल संचालन भैरहेका विद्यालयहरूबाट छनोट गरी केहि विद्यालयहरूमा अंग्रेजी माध्यमबाट अध्यापन गर्ने प्रबन्ध गरिनेछ । साथै यस्ता विद्यालयहरूलाई नमुना विद्यालयको रुपमा विकास गरिनेछ । |
| ४.१.६ | माध्यामिक शिक्षाको सिकाई उपलब्धी मापनका सूचकहरू विकास गरिनेछ । |
| ४.१.७ | हरेक विद्यार्थीको व्यक्तिगत सूचना प्रणाली निर्माण गरिनेछ । |
| ४.१.८ | हरेका विद्यार्थीको विषयप्रतिको विशेष लगाव वा झुकाव पहिचान गर्न अनुसन्धान गरिनेछ। |
| ४.१.९ | सम्पूर्ण विद्यार्थीहरूलाई आफ्नो अध्ययनको तहमा विकास भैरहेका ज्ञान, सीप र प्रविधिबारे साक्षतकार गराउन सूचना प्रविधिमा आधारित श्रव्यदृश्य सामाग्रीहरूको नियमित प्रयोग गरिनेछ । |
| ४.१.१० | पढ्ने इच्छा र रुची हुँदा हुदै शिक्षाबाट बञ्चित भएका छात्र/छात्राहरूको सर्वेक्षण गरी उनीहरूलाई माध्यामिक शिक्षा सुनिश्चित गर्न सामाुदायिक अभियान संचालन गरिनेछ। |

| कार्यनीति |
| --- |
| ४.१.११ माध्यामिक तहमा विज्ञान संकाय संचालन गर्न सकिने विद्यालयको संम्भाब्यता हेरी छनोट गरिनेछ । |
| ४.१.१२ माध्यामिक तहका विद्यार्थीहरू लक्षित सदाचार, नैतिकता, अनुशासन, कर्मशिलता, क्षमा, करुणा र समाजसेवा जस्ता विषय समिल्लित विशेष पाठ्यक्रम निर्माण गरी अध्ययन गराइनेछ । |
| ४.१.१३ किशोरावस्थामा हुने परिवर्तन र किशोर/किशोरीको मनोविज्ञान, यौन शिक्षा, साथै छात्राहरूलाई आत्मरक्षा र व्यक्तिगत सुरक्षा सम्बन्धी विशेष अभिमुखिकरण कार्यक्रमहरू नियमित संचालन गरिनेछ । |
| ४.१.१४ सफल व्यक्तिहरूसँग साक्षात्कार साथै सफलताका कथाहरू समेटेर नियमित वृतचित्रहरू प्रर्दशन गर्ने प्रबन्ध गरिनेछ । |

### ३.१.५ प्राविधिक तथा व्यवसायिक शिक्षा

**उद्देश्य ५: जीवनयोगी, व्यवसायिक तथा प्राविधिक शिक्षा प्रदान गर्न आवश्यक पूर्वाधारको विकास गरी समय सापेक्ष र परिमाणममूखी मानवश्रोत तयार पार्नु**

| रणनीति |
| --- |
| ५.१ व्यवहारीक तथा सीपमूलक व्यवसायिक शिक्षा लिन चाहने सबैका लागि पालिकामै अवसर श्रजना गर्दै यस प्रकारको शिक्षाको संस्थागत विकास गर्ने । |

| कार्यनीति |
| --- |
| ५.१.१ पालिकाका निकटवर्ती ठूला उपभोक्ता बजार साथै स्थानीय स्तरमा सीपको आवश्यकता नक्साङ्कन गरी सम्भाव्यताका आधारमा सीप विकास तथा व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालय स्थापना र विकास गरिनेछ । |
| ५.१.२ स्थानीय माग सम्बोधन गर्ने व्यवसायिक डिप्लोमा तहका कार्यक्रमहरूको सम्भाव्यता अध्ययन गरिनेछ । |
| ५.१.३ विद्यालय तहबाट नै विषेश सीप भएका विद्यार्थीहरूको पहिचान गर्न अध्ययन गरिनेछ । |
| ५.१.४ परम्परागत सीपलाई मौलिकता जगेर्ना गर्दै तथा क्रमश वैज्ञानिक र आधुनिकिकरण गर्न प्राविधिक तथा व्यवसायिक विद्यालयसँग एकिकृत गर्न अध्ययन गरिनेछ । |
| ५.१.५ विद्यालयस्तर घर–घरमा आइपर्ने सामान्य प्राविधिक समस्याहरू समाधान गर्ने सीप विद्यार्थीहरूलाई प्रदान गर्न अतिरिक्त कक्षाको प्रबन्ध गरिनेछ । |

| कार्यनीति | |
|---|---|
| ५.१.६ | विपन्न, पिछडिएका, सिमान्तकृत, एकल महिला, अल्पसंख्यक लगायतका लक्षित समूहलाई प्रत्यक्ष आय आर्जनमा टेवा पुऱ्याउने व्यवसायिक शिक्षा प्रदान गर्न वडास्तरमा लगत संकलन गरिनेछ । |
| ५.१.७ | सीप विकास तथा व्यवसायिक तालिम लिइरहेका विद्यार्थीहरूको व्यद एबिअझभलत का लागि बजारको अध्ययन गरिनेछ । |
| ५.१.८ | स्थानीयस्तरमा संचालनमा रहेका उद्योग तथा अन्य रोजगारदातासँगको समन्वयमा इन्टर्नसीप तथा इल त्जभ व्यद त्चबष्लष्लन संचालन गर्न सहजिकरण गर्ने इकाई शिक्षालयमै निर्माण गरिनेछ । |
| ५.१.९ | व्यवसायिक तथा प्राविधिक विद्यालयहरूमा नवप्रर्वतन र नयाँ व्यवसायिक सोच सम्बन्धी अनुसन्धान केन्द्रको रुपमा विकास गर्न अध्ययन गरिनेछ । |
| ५.१.१० | विपन्नताका कारण प्राविधिक र व्यवसायिक शिक्षा तथा तालिमबाट बञ्चित हुनुपरेका विद्यार्थीहरूको लगत संकलन गरिनेछ । |
| ५.१.११ | यस्ता विद्यार्थीहरूलाई व्यवसायिक संचालन पश्चात तिर्ने गरी सरल कर्जामा प्रबन्ध गरिनेछ । |
| ५.१.१२ | प्रधानमन्त्री रोजगार कार्यक्रम, स्थानीय रोजगार संयोजक तथा स्थानीय बेरोजगारहरूको अन्तर सम्बन्ध स्थापित गरी प्राविधिक तथा व्यवसायिक शिक्षालयहरूलाई समेत यी पक्षहरूसँग एकाकार गर्न अध्ययन गरिनेछ । |
| ५.१.१३ | नगरपालिकाको भौतिक तथा अन्य विकास निर्माणका कृयाकलापमा आवश्यक जनशक्तिको नक्साङ्कन गरी प्राविधिक र व्यवसायिक शिक्षासँग आबद्ध गर्न अध्ययन गरिनेछ |

### ३.१.६ अनौपचारिक शिक्षा, खुल्ला तथा वैकल्पिक निरनतर सिकाई

**उद्देश्य ६: विभिन्न कारणले औपचारीक शिक्षाबाट बञ्चितहरूलाई अनौपचारीक शिक्षा, खुल्ला तथा वैकल्पिक निरन्तर सिकाइका लागि आवश्यक प्रबन्ध गर्नु ।**

| रणनीति | |
|---|---|
| ६.१ | औपचारीक शिक्षाबाट बञ्चित सबैलाई अनौपचारीक, खुल्ला तथा वैकल्पिक निरन्तर सिकाइका माध्यमले समेट्ने |

| कार्यनीति |
| --- |
| ६.१.१ हरेक वडामा कम्तिमा एक सामुदायिक सिकाई केन्द्र स्थापना गर्न आवश्यक तयारी गरिनेछ । (स्थान छनोट, भवन आदि) |
| ६.१.२ हरेक सामुदायिक सिकाई केन्द्रसँग आबद्ध गरी एक वडा एक पुस्कालय/वाचनालय स्थापना गरिनेछ । |
| ६.१.३ हरेक सामुदायिक सिकाइ केन्द्रमा, पूर्वाधार सहित इन्टरनेटको व्यवस्था गरिनेछ । |
| ६.१.४ अनौपचारीक शिक्षा, खुल्ला तथा वैकल्पिक सिकाइलाई लक्ष्य उन्मुख र जीवनोपयोगी बनाउन स्थानीय आवश्यकता अनुसार व्यवस्थित बनाउन एक अनुसन्धानात्मक अध्ययन गरिनेछ । |
| ६.१.५ हालसम्म पालिकाभर रहेका सार्वजनिक पुस्तकालय, वाचनालय तथा बौद्धिक सम्पतीको पूर्ण लगत संकलन गरी पालिकाको मातहत्तमा स्थानीय बौद्धिक समाज द्वारा संचालन गर्न, गराउन कार्यविधि निर्माण गरिनेछ । |
| ६.१.६ पालिकामा संचालनमा रहेका मदरसा, गुरुकुल, बिहार गुम्बा, वेद विद्याश्रम लगायतका वैकल्पिक शैक्षिक संस्थाहरूको विद्यमान अवस्थाबारे लगत संकलन गरी क्रमश श्रोत साधन सम्पन्न बनाउदै लगिनेछ । |
| ६.१.७ पालीकास्तरमा एक मुख्य पुस्तकालयमा स्थापना गरी श्रोत साधन सम्पन्न तुल्याइने छ। |
| ६.१.८ वडा स्तरका पुस्तकालयलाई मुख्य पुस्तकालयमा आबद्ध गरी पुस्तकालय तथा सामुदायिक सिकाइ केन्द्रहरूको सञ्जाल स्थापना गरिनेछ । |
| ६.१.९ वार्षिक पात्रोको विकास गरी सामुदायिक सिकाइ केन्द्र र पुस्कालयहरू बीच शैक्षिक अन्तकृया गर्न कार्यक्रमहरू तय गरिनेछ । |
| ६.१.१० हरेक टोलमा आम नागरिकका सिकाइका चाहानाहरू सम्बोधन गर्न सर्वेक्षण गरिनेछ। |
| ६.१.११ टोल टोलमा जिवन पर्यटन सिकाई कार्यक्रम अभियानका रुपमा संचालन गर्न स्थानीय बौद्धिक समाज गठन गरी जिम्मेवारी प्रदान गरिनेछ । |
| ६.१.१२ खुल्ला विद्यालय तथा विश्वविद्यालयहरूबाट शिक्षा लिन चाहने साथै दुर शिक्षाबाट लाभान्वित हुन चाहने विद्यार्थीको लगत संकलन गरिनेछ । |

| | |
|---|---|
| ६.१.१३ | यी विद्यार्थीहरूको आवश्यकता सम्बोधन गर्न पालिकास्तरीय मल्टिमिडिया सेन्टर तथा वैकल्पिक शिक्षा इकाइको सम्भाव्यता अध्ययन गरिनेछ । |
| ६.१.१४ | प्रत्येक वडाबाट अनौपचारीक प्रौढ कक्षामा सम्मिलित हुन चाहनेहरूको लगत संकलन गरी व्यक्तिगत सूचना प्रणलीको विकास गरिनेछ । |
| ६.१.१५ | प्रौढकक्षाहरूका सिकाई उपलब्धी मापन गर्ने संयन्त्र तथा सूचकको विकास गरिनेछ । |
| ६.१.१६ | हरेक टोलमा समुदायको समन्वय र सहयोगमा प्रौढ कक्षाहरू संचालन गरिनेछ । |
| ६.१.१७ | पूर्ण साक्षर तथा शिक्षित पालिका घोषण गर्न अनौपचारिक शिक्षा र सामुदायिक सिकाइ केन्द्रको भूमिका वृद्धि गरी सोही अनुसार कार्ययोजना निर्माण गरिनेछ । |
| ६.१.१८ | परम्परागत, मौलिक ज्ञान, दर्शन, प्राकृतिक विज्ञान र दृष्टिकोणहरूलाई संग्रह सूचकिरण तथा संरक्षण कार्ययोजना निर्माण गरिनेछ । |
| ६.१.१९ | यस प्रकारका ज्ञानलाई संस्थागत हिसाबले संरक्षण गर्न सामुदायिक सिकाइ केन्द्र र बौद्धिक समाजलाई जिम्मेवार बनाउन अभिमुखिकरण गरिनेछ । |

### ३.१.७ विशेष शिक्षा (समावेशी शिक्षा)

**उद्देश्य ७ : विषेश शिक्षाको आवश्यकता भएका अपाङ्ग बालबालिका तथा नागरिकहरूलाई आवश्यकता अनुरुप सहयोग पुर्‍याई शिक्षा पाउने अधिकार सुनिश्चित गर्नु ।**

**रणनीति**

७.१ विशेष शिक्षा लक्षित बालबालिका केन्द्रित सिकाई तथा पाठ्यसामाग्री अनुकुल गरी उनीहरूको शिक्षाकोहक सुनिश्चित गर्ने

७.२ समावेशी शिक्षा सुनिश्चित गर्न विभिन्न कारणले पछाडी परेका नागरिकलाई शिक्षाको अधिकार सुनिश्चित गर्न आरक्षण, सकारात्मक विभेद, प्रोत्साहन वा प्राथमिकता प्रदान गर्ने

| कार्यनीति | |
|---|---|
| ७.१.१ | अपाङ्गता भएका बालबालिका तथा अन्य नागरिकहरूको अपाङ्गताको प्रकृतिको आधारमा अपाङ्गता परिचय पत्र प्रदान गरी उनीहरूको शैक्षिक आवश्यकता बारे लगत संकलन गरिनेछ । |
| ७.१.२ | अपाङ्गगताको प्रकार अनुसारको विवरणमा आधारित शैक्षिक सेवा प्रदान गर्न विशेष विद्यालयमा स्थापना वा पाठ्य सामाग्री र अनुदान सहित विशेष विद्यालयमा पठाउने प्रबन्ध मिलाईने छ ।<br>अपाङ्गताका प्रकार |

| कार्यनीति |
| --- |
| • शारीरिक अपाङ्गता<br>• सुनाइ अपाङ्गता<br>• दृष्टि अपाङ्गता<br>• स्वर र बोलाई अपाङ्गता<br>• मानसिक अपाङ्गता<br>• बौद्धिक अपाङ्गता<br>• अनुवंशीय रक्तश्राव सम्बन्धी (हेमोफिलिया) अपाङ्गता<br>• अटिजम अपाङ्गता<br>• बहु अपाङ्गता |
| ७.१.३ अपाङ्गताको अवस्था हेरी सामान्य बालबालिकासँगै अध्ययन गर्ने अवस्था रहेसम्म सो को प्रबन्ध गर्न अध्ययन र वडागत लगत संकलन गरिनेछ । |
| ७.१.४ यस्ता बालबालिका लक्षित गरी आवश्यक पर्ने सामाग्री जस्तै (छडी ह्वील चेयर, ब्रेल, पुस्तक, सांकेतिक चित्र) आदिको लागि अनुदान प्रदान गरिनेछ । |
| ७.१.५ अपाङ्गता तथा फरक क्षमता भएका आम नागरिकलाई लक्षित गरी जिविकोपार्जन गर्न सक्ने अवस्था रहेमा विशेष सीप विकास सम्बन्धी कार्यक्रम संचालन गरिनेछ । |
| ७.१.६ अपाङ्गता भएका बालबालिका सिकाई क्षमताको मापन गरी उपयूक्त र सहज पाठ्यक्रम निर्धारण गरिनेछ । |
| ७.१.७ अपाङ्गता भएका बालबालिकाको लागि बिशेष मूल्याङ्कन प्रणाली अबलम्बन गर्न सो को विकास गरिनेछ । |
| ७.२.१ अति विपन्न, पिछडिएका, सिमान्तकृत, दलित, अल्पसंख्यक लगायत आरक्षण आवश्यक बालबालिकाहरूको लगत संकलन गरिनेछ |
| ७.२.२ यी विद्यार्थीहरूको शिक्षाको अधिकार सुनिश्चित गर्न एक विशेष कोषको प्रबन्ध गरिनेछ। |
| ७.२.३ स्थानीय लोपउन्मुख जाती, जनजाती, दलित, सिमान्तकृत वर्गका बालबालिकाको संख्या उल्लेख्य भएका विद्यालयमा सोहि समुदायका वा सो समुदायको सभ्यता र भाषामा ज्ञान भएका शिक्षक–शिक्षिकाको दरबन्दी राख्न विशेष पहल गरिनेछ । |
| ७.२.४ प्रधानअध्यापक तथा विद्यालय व्यवस्थापन समितिमा महिलाको प्रतिनिधित्व बृद्धि गर्न महिला शिक्षिकाहरूको विशेष नेतृत्व विकास तालिम संचालन गरिनेछ । |
| ७.२.५ प्रारम्भिक बालविकास, आधारभूत तथा माध्यामिक शिक्षाको समग्र प्रणालीमा नियमित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण गराई सूचकहरूको विकास गरिनेछ । |
| ७.२.६ समावेशी तथा विशेष शिक्षा छात्रवृतिको प्रबन्ध गरिनेछ । |

| कार्यनीति |
| --- |
| ७.२.७ विशेष शिक्षा तथा समावेशीकरणको विषयले समेट्ने हरेक बालबालिकालाई शैक्षिक सामाग्री, दिवा खाजा, पोशाक आदिको प्रबन्ध गरिनेछ । |
| ७.२.८ छुवाछुवात र भेदभावलाई विद्यालयबाट उन्मूलत गर्न सम्पूर्ण शिक्षक तथा अभिभावकहरूलाई सचेत र संवेदनशील तुल्याउन जनचेतनामूलक अभियान संचालन गरिनेछ । |

### ३.१.८ शैक्षिक प्रशासन तथा जनशक्ति व्यवस्थापन

**उद्देश्य ८:प्रशासनलाई चुस्त दुरुस्त तुल्याई शैक्षिक जनशक्तिको प्रभावकारी व्यवस्थापन गर्नु ।**

| रणनीति |
| --- |
| ८.१ सक्षम र योग्य विषय शिक्षकको व्यवस्था साथै उनीहरूको उतप्रेरित गरी विद्यार्थीको सिकाई उपलब्धी सूचकहरूसँग उनीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई एकिकृत गर्ने । |
| ८.२ विद्यालय र स्थानीय समुदाय बीचमा सहकार्य अभिवृद्धि गरी विद्यालय प्रशासनलाई टेवा पुयाइनेछ । |
| ८.३ विद्यालयको शासकिय सूधार गर्न समुदायलाई जिम्मेवार तुल्याई एक स्वचालित र सफल संस्थाको रुपमा विकास गर्ने |
| ८.४ शैक्षिक सूचना प्रणालीलाई दुरुस्त र प्रविधिमैत्री तुल्याइनेछ । |
| ८.५ शैक्षिक जनशक्ति तथा नेतृत्व तहको आचार संहिता लागु गरिनेछ । |
| ८.६ संस्थागत, गुठी तथा सहकारी विद्यालय स्थापना अनुमति, अनुगमन, संचालन, व्यवस्थापन तथा नियमन गर्ने |

| कार्यनीति |
| --- |
| ८.१.१ हरेक विषयगत शिक्षकमा हुनुपर्ने आधारभूत ज्ञान, अध्यापन सीप, जिम्मेवारी तथा नेतृत्व क्षमताका लागि आवश्यक पर्ने गुण तथा सूचकहरूको विकास गरिनेछ । |
| ८.१.२ हरेक शिक्षकको निरन्तर वृत्ति विकास हुने साथै पदोन्नति हुने वैज्ञानिक र व्यवहारीका प्राणलीको विकास गरिनेछ । (विद्यमान प्रावधानका आधारमा) शिक्षक पेशागत विकास कार्यक्रम) |
| ८.१.३ विषयगत शिक्षक तालिमलाई एक निरन्तर प्रकृयाका रुपमा विकास गरी नियमित र नतिजामूखि बनाइनेछ । |
| ८.१.४ हरेक शिक्षकहरूको कार्य सम्पादन मूल्याङ्कनलाई विद्यार्थीका सिकाई उपलब्धी र परीक्षा परिमाणसँग एकिकृत गरिनेछ । |
| ८.१.५ शिक्षण सिकाई प्रविधि र उपलब्धीहरूसँग सम्बन्धित अनुसन्धान तर्फ प्रेरित गर्न शिक्षकलाई अनुसन्धान छात्रवृतिको प्रबन्ध गरिनेछ । |

| कार्यनीति |
| --- |
| ८.१.६ शिक्षक सेवा आयोगबाट परिपूर्ती हुने शिक्षक बाहेक पालिका तथा विद्यालयको आन्तरीक श्रोतबाट श्रृजना गरिएको दरबन्दीमा शिक्षक नियुक्त गर्दा दक्ष र सक्षम शिक्षक छनोट हुने परीक्षा प्रणालीको अबलम्बन गरिनेछ । |
| ८.१.७ नियमित र आवधिक रुपमा विद्यार्थी सिकाइ उपलब्धी परिक्षण गरी विद्यालय सुधार योजना कार्यक्रम संचालन गरिनेछ । |
| ८.१.८ स्थानीय पाठ्यक्रम विकास र समय सापेक्ष परिमार्जन गर्न स्थानीय पाठ्यक्रम विकास इकाई गठन गर्न आवश्यक गृहकार्य गरिनेछ । |
| ८.१.९ शिक्षकहरूलाई पेशाप्रति जिम्मेवार तुल्याउन सिकाइ उपलब्धी सूचक, सिकाइ क्रियाकलापको प्रचुरता, नव अनुसन्धान, शैक्षिक सामाग्री निर्माण, नवप्रवर्तन, अतिरिक्त कृयाकलाप, विद्यार्थी–शिक्षक सहकार्य, परियोजना कार्यको विकासलाई नियमित गरी वढावा दिइनेछ । |
| ८.१.१० पालिकाको विद्यार्थीको जनसांख्यिक बनोट, सामाजिक संरचना, भाषा, आदिलाई मध्य नजर गर्दै शिक्षक शिक्षिकाहरूको समग्र संरचना निर्माण गर्ने सैद्धान्तिक अवधारण अबलम्बन गरिनेछ । |
| ८.१.११ विद्यालय तथा पालिकास्तरमा उत्कृष्ट विषयगत शिक्षकहरू छनोट गरी पुरस्कृत गरिनेछ । |
| ८.१.१२ हरेक वर्ष सूचकहरूका आधारमा उत्कृष्ट विद्यालय घोषणा गरिनेछ । |
| ८.१.१३ हरेक शिक्षक तथा शैक्षिक पेशामा संलग्न जनशक्तिमा जफावदेहिता सुनिश्चित गर्न परिमाणमा आधारित जवाफदेहिता प्रणालीको विकास गरिनेछ । |
| ८.१.१४ एक विद्यालय एक स्वास्थ्यकर्मी कार्यक्रम लागु गरिनेछ । |
| ८.१.१५ एक विद्यालय एक मनोसामाजिक परामर्शदाता कार्यक्रमलाई गरिनेछ । |
| ८.१.१६ Early Childhood Development तथा शिशुकक्षामा अध्यापनरत शिक्षक शिक्षिकाहरूलाई आवश्यक विषेश तालिम प्याकेज सञ्चालन गरिनेछ । |
| ८.२.१ विद्यालय प्रति समुदायको अपनत्व विकास गर्न विद्यालय समुदाय सहकार्य कार्यक्रम संचालन गर्न हरेक विद्यालय व्यवस्थापन समितिलाई विशेष अभिमुखिकरण गरिनेछ । |
| ८.२.२ समुदायमा रहेका परम्परागत सीप, जीवन सीप तथा अन्य ज्ञानका परम्परालाई विद्यालयले जगेर्ना गरी संस्थागत गरिनेछ । |
| ८.२.३ समुदाय सन्तुष्टी सर्वेक्षणलाई अनिवार्य र नियमित गरिनेछ । |
| ८.२.४ समुदायमा रहेका अग्रज, अनुभवी तथा बौद्धिक व्यत्तित्वहरूका ज्ञानलाई विद्यार्थी उत्प्रेरणाका लागि सदुपयोग गर्न समुदाय - विद्यार्थी अन्तकृया कार्यक्रम गरिनेछ । ( कम्तिमा २ महिनामा १ पटक) |
| ८.२.५ विद्यालय व्यवस्थापन समिति, विद्यालय र अभिभावक अन्तकृयालाई नियमित गरिनेछ । |

| कार्यनीति |
|---|
| ८.२.६ विशेषगरी विद्यालयको दिर्घकालिन योजना तर्जुमा, स्रोत व्यवस्थापन, अनुगमन, सुपरिवेक्षण मूल्याङ्कन, परीक्षा संचालन तथा स्थानीय पाठ्यक्रम निर्माणमा समुदायको संलग्नता सुनिश्चित गर्न प्रोटोकलको विकास गरिनेछ । |
| ८.३.१ पालिकाका जनप्रतिनिधि, शिक्षक, अभिभावक, समाजसेवी, सहयोगदाता तथा संस्थापक सदस्यहरूको प्रतिनिधित्व सुनिश्चित गरी विद्यालय व्यवस्थापन समिति गठन गरिनेछ । |
| ८.३.२ विद्यालय व्यवस्थापन समितिलाई विद्यालयको शैक्षिक प्रशासन र पालिकाको सफल सेतुको रुपमा विकास गर्न सामुदायिक जिम्मेवारी र प्रतिबद्धता प्रकट गर्न समुदायको प्रत्यक्ष संलग्नता सुनिश्चित गरिनेछ । |
| ८.३.३ विद्यालय व्यवस्थापन समितिको भूमिका र जिम्मेवारीमा समयानुकुल परिमार्जन गरिनेछ । |
| ८.३.४ समग्र शैक्षिक व्यवस्थापन कार्यकूशलता अभिबृद्धि गर्न प्रधानध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा कर्मचारीलाई नियमित प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ । |
| ८.३.५ विद्यार्थी अभिभावक सन्तुष्टि सर्वेक्षण साथै सामाजिक पारदर्शी तुल्याई प्रतिवेदन प्रणाली मार्फत सार्वजनिक गरिनेछ । |
| ८.३.६प्रधानध्यापक छनोट प्रणालीलाई योग्यता र क्षमताका आधारमा हुने गरी आवश्यक परिमार्जन गरिनेछ । |
| ८.३.७ पालिकाभर रहेका शिक्षक दरबन्दीको अध्ययनगरी मिलान तथा पूर्नवितरण गर्न एक कार्यदल गठन गरिनेछ । |
| ८.३.८ अपुग दरबन्दीको हकमा पालिकाकै श्रोतमा दरबन्दी थप गर्ने गरी गृहकार्य गरिनेछ । |
| ८.४.१ सबै तहका विद्यार्थीहरू तथा शैक्षिक कार्यक्रमको विस्तृत खण्डीकृत तथ्याङ्क प्रणालीको विकास गरिनेछ । |
| ८.४ं.२पालिकामा शिक्षा शाखा अन्तर्गत व्यवस्थित एकिकृत तथ्याङ्क प्रणाली संचालन र व्यवस्थापन गर्न एक इकाइको प्रबन्ध गरिनेछ । |
| ८.४.३ तथ्याङ्क व्यवस्थापन इकाइलाई आवश्यक श्रोत साधान सम्पन्न बनाइनेछ । |
| ८.४.४ तथ्याङ्क र प्रमाणमा आधारित नीति निर्माणलाई टेवा पुऱ्याउन यसलाई प्रविधि मैत्रि र पहूँचयोग्य तुल्याइनेछ । |
| ८.४.५ सम्पूर्ण सूचनालाई सुरक्षित गर्न Cloud Data Management र Real Time मा प्राप्त गर्न स्वचालित संयन्त्र विकास गरिनेछ । |
| ८.५.१ शैक्षिक सेवामा संलग्न सबैको पेशागत मर्यादा काम, कर्तव्य र अधिकार समेटेर कार्यक्षत्रगत शर्त र आचार संहिता निर्माण गरिनेछ । |
| ८.५.२ आचार संहितालाई प्रभावकारी ढंगले लागु गर्न सम्पूर्ण सरोकारवालाहरूलाई सूसूचित गरिनेछ । |

| कार्यनीति |
|---|
| ८.५.३ पूर्वाग्रह रहित एकल पेशागत संगठन निर्माण गर्न नितिगत परिमार्जन गरिनेछ । |
| ८.५.४ सम्पूर्ण शिक्षक कर्मचारीहरू तथा प्रधानध्यापकहरूसँग कार्य सम्पादन सम्झौता गरिनेछ। |
| ८.६.१ संस्थागत विद्यालयहरूको न्यूनतम मापदण्ड, पाठ्यक्रम, भौतिक अवस्था, शिक्षक कर्मचारी एवंम आर्थिक कृयाकलाप जस्ता विषयहरूको नियमित अनुगमन तथा नियमन गरिनेछ । |
| ८.६.२आवश्यकताका आधारमा रित पूर्वक नयाँ स्थापनाका लागि आवेदन दिएका विद्यालयहरूको अनुमति प्रदान गरिनेछ । |
| ८.६.३ निजी क्षेत्रलाई प्रतिस्पर्धी नभइ सहयोगीको रुपमा सहकार्य गर्न आवश्यक नीति निर्माण गरी सामुदायिक निजी साझेदारी सम्बन्धी ठोस शैक्षिक कार्यक्रम निर्माण गरिनेछ । |
| ८.६.४ मापदण्ड नीति र कानूनी प्रावधान उल्लङ्घन गर्ने विद्यालयलाई आवश्यक कार्वाही गरिनेछ। |
| ८.६.५ विशेषत निजी लगानीमा संचालन भैरहेका शैक्षिक संस्थाहरूमा पाठ्यक्रम तथा पाठ्य पुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमा , कर, आर्थिक पारदर्शिता, भौतिक पूर्वाधारको अवस्था लगायतका विषयहरू समेटेर मापदण्ड निर्माण तथा पुन : मूल्याङ्कन गरिनेछ । |
| ८.६.६ निजी लगानिमा संचालित विद्यालयहरूले मापदण्डमा आधारित छात्रवृति वितरण गरे — नगरेको अनुगमन गरी लक्षित विद्यार्थीहरूलाई प्राप्त हुने सुनिश्चितता गरिनेछ । |
| ८.६.७ अध्यापन अनुमति प्राप्त शिक्षक/शिक्षिकाहरूबाट अध्यापन गराए/नगराएको अनुगमन गरिनेछ । |
| ८.६.८ निजी लगानीमा संचालित विद्यालयले शिक्षक छनोट प्रकृयामा राष्ट्रिय मापदण्ड पुरा गरे नगरेको सुनिश्चित गरिनेछ । |

### ३.१.९ शैक्षिक पूर्वाधार व्यवस्थापन तथा लगानी

**उद्देश्य ९ : शिक्षामा लगानी अभिबृद्धि गरी शैक्षिक पूर्वाधार निर्माण तथा सम्पति व्यवस्थापन गर्नु।**

| रणनीति |
|---|
| ९.१ दिगो विकास लक्ष्य हासिल गर्न शिक्षामा हाल भैरहेको लगानिलाई पालिकाको बजेटमा बृद्धि गरिनेछ । |

| कार्यनीति |
|---|
| ९.१.१ दिगो विकासका शिक्षा सम्बन्धी परिमाणात्मक लक्ष्य हासिल गर्न हालको वार्षिक बजेटमा शिक्षा क्षेत्रमा गरिएको लगानीलाई बृद्धि गरिनेछ । |
| ९.१.२ पालिकाको नियमित श्रोत बाहेक शिक्षामा अन्य दाता, शिक्षाप्रेमी, समाजसेवी, संघ संस्था द्धारा प्राप्त हुन सक्ने आर्थिक सहयोगका क्षेत्रहरू बृद्धि गर्न अन्तर्कया गरिनेछ । |

| कार्यनीति |
| --- |
| ९.१.३ पुस्कालय स्थापना बुक कर्नर लगायतका स-साना शैक्षिक सामाग्री व्यवस्थापनमा सहयोग गर्न चाहने व्यक्तित्वहरूलाई सम्मान गरिनेछ । |
| ९.१.४ पालिकाभर हाल संचालन सम्पूर्ण सामुदायिक विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको यथार्थ विवरण संकलन गरी नपुग पूर्वाधारको Gap Analysis गरिनेछ । |
| ९.१.५ सम्पूर्ण आधारभूत पूर्वाधार निर्माण नहुँदासम्म विद्यालय क्षेत्र पूर्वाधार विकास कार्यक्रमलाई प्रत्येक वर्ष निरन्तरता दिइनेछ । |
| ९.१.६ कक्षाकोठा, विद्यालय भवन, डेस्क बेञ्च, शौचालय जस्ता आधारभूत पूर्वाधार निर्माण सम्पन्न पश्चात शैक्षिक कृयाकलापमा, Smart Board, कम्प्यूटर, बुक कर्नर प्रयोगशाला लगायतका पूर्वाधार विकासका सूची तयार पारी समानुपातिक हिसाबले सम्पूर्ण विद्यालयमा थप गर्दै लगिनेछ । |
| ९.१.७ हरेक विद्यालयमा विद्युत तथा इन्टरनेट सेवा सुनिश्चित गरिनेछ । |
| ९.१.८ हरेक विद्यालयमा खेल मैदान व्यवस्थित गरिनेछ । |
| ९.१.९ हरेक विद्यालयमा तारबार वा पर्खाल निर्माण गरिनेछ । |
| ९.१.१० हरेक विद्यालयमा एक सुविधायुक्त पुस्तकालयको निर्माण गरिनेछ । |
| ९.१.११ हरेक विद्यालयमा छात्रामैत्री शौचालयको व्यवस्था गरिनेछ । |
| ९.१.१२ जनसांख्यिक बनोट, भौगोलिक अबस्था, विद्यार्थी संख्या, शिक्षक संख्या आदिका आधारमा विद्यालय गाभ्ने, सार्ने वा नयाँ स्थापना गर्न विशेष अध्ययन गरिनेछ । |
| ९.१.१३ सम्पूर्ण सामुदायिक विद्यालयको सम्पतीहरूको लगत तयार गरी अभिलेखिकरण गरिनेछ । |
| ९.१.१४ हरेक विद्यालयमा विपद् तथा महामारीमा वैकल्पिक विधिबाट (भर्चुअल वा अन्य ) अध्यापन गराउन मल्टिमिडिया सेन्टरको स्थापना गरिनेछ ।Virtual विधी र साधन हरूमा इ-लाइब्रेरी, भर्चुअल ल्याब तथा Room, Online Exam, ICT Lesson Plan, Teaching Materials, Podcast, Webinar Edncast, Makerspace लगायतका शैक्षिक सामाग्रीको प्रयोग विस्तार गर्दै लगिनेछ । |
| ९.१.१५ शिक्षण सिकाइमा सूचना प्रविधिलाई अभिन्न अंगको रुपमा समेट्ने स्थानीय शिक्षा नीति तथा कार्यक्रम परिमार्जन गरिनेछ । |
| ९.१.१६ हरेक विद्यालयलाई वातावरणमैत्री हरित विद्यालयको रुपमा विकास गर्न “एक विद्यार्थी एक विरुवा” साथै “एक विद्यालय एक बगैचा” नीति अबलम्बन गरिनेछ । |

| कार्यनीति |
|---|
| ९.१.१७ हरेक विद्यालयलाई विपद् उत्थानशिल विद्यालयको रुपमा विकास गरिनेछ । |
| ९.१.१८ विद्यालय निर्माण तथा स्तरोन्नति गर्दा विपद् जोखिम मूक्त हुनेगरी निर्माण गरिनेछ । |
| ९.१.१९ विपद्का बेला सुरक्षित हुने आवश्यकताका रुपमा विकास गरी विद्यालयका भौतिक पूर्वाधार निर्माण रिनेछ । |
| ९.१.२० सामुदायिक सिकाई केन्द्रलाई समेत विपद व्यवस्थापन सिकाई केन्द्रका रुपमा विकास गर्न आवश्यक स्वयंमसेवा तालिम प्रदान गरिनेछ । |
| ९.१.२१ हरेक तहका विद्यार्थीको सिकाइस्तरका आधारमा विपद् व्यवस्थापन, जलवायू परिवर्तन, वातावरण संरक्षण स्वास्थ्य तथा पोषण सरसफाई र व्यक्तिगत सुरक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ । |

### ३.१.१० ट्यूसन, ब्रिज कोर्स, कोचिङ लगायत मूलधार बाहिरका शैक्षिक गतिविधि व्यवस्थापन

**उद्देश्य १०: मूलधार शिक्षा प्रणाली बाहिर रहेका ट्यूसन, ब्रिजकोर्स, कोचिङ, लगायतका शैक्षिक गतिविधिहरूको नियमन र व्यवस्थापन गर्नु ।**

| रणनीति |
|---|
| १०.१ मूलधारको शिक्षा प्रणाली बाहिर रहेका ट्यूसन, कोचिङ, ब्रिज कोर्स, भाषा कक्षा आदिलाई व्यवस्थापन र नियमन गर्न विद्यमान कानूनमा रहि मापदण्ड निर्माण गर्ने Gap Analysis |

| कार्यनीति |
|---|
| १०.१.१ ट्यूसन, कोचिङ, ब्रिज कोर्स, भाषा कक्षा लगायतका शैक्षिक कृयाकलाप संचालन सम्बन्धी मापदण्ड निर्माण गरिनेछ । |
| १०.१.२ मापदण्डको कार्यान्वयन भए नभएको सूनिश्चित गर्न एक अनुगमन समिति निर्माण गरि त्यसका काम कार्वाहीहरूलाई नियमित तथा अभिलेखिकरण गरिनेछ । |
| १०.१.३ यस प्रकार संचालनमा रहेका सम्पूर्ण संस्थाहरूको तथ्याङ्क संकलन गरी अद्यावधिक गरिनेछ । |

### ३.१.११ शैक्षिक गुणस्तर नियमन

**उद्देश्य ११: शैक्षिक गुणस्तर नियमन साथै मूल्याङ्कन तथा परीक्षा प्रणालीलाई वैज्ञानिक र व्यवस्थित गरी सक्षम र प्रतिस्पर्धी मानव श्रोत निर्माण गर्नु ।**

## रणनीति

११.१ गुणस्तरीय शिक्षाका परिसूचक विकास गरी हासिल गर्ने वस्तुगत कार्यक्रम संचालन गर्ने

११.२ वैज्ञानिक मूल्याङ्कन तथा परीक्षा प्रणालीका असल अभ्यासहरूको अनुसरण गरी पालिका र राष्ट्रिय आवश्यकतासँग सान्दार्भिक हुनेगरी अबलम्बन गरिनेछ ।

११.३ शिक्षकहरूको पेशागत क्षमता विकास सम्बन्धि ज्ञान र प्रविधिको प्रयोग मार्फत सक्षम शैक्षिक जनशक्ति तयार पार्ने

## कार्यनीति

११.१.१ हरेक तहमा विद्यार्थीहरूले हासिल गर्ने सिकाई उपलब्धीहरूमा सूचकहरूको विकास गरिनेछ ।

११.१.२ पालिकाले राष्ट्रिय र अन्तराष्ट्रिय तहमा प्रतिस्पर्धा गर्न सक्ने विद्यार्थीहरूको क्षमता सुनिश्चित गर्न उपलब्धी सूचक सम्बन्धी विशेष अध्ययन तथा अनुसन्धान गरिनेछ ।

११.१.३ पालिकाले राष्ट्रिय पाठ्यक्रम मानक र मापदण्डको परिधिमा रहि स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यसामाग्री विकास तथा कार्यान्वयन गर्न एक विशेष अध्ययन सम्पन्न गरिनेछ ।

११.१.४ स्थानीय पाठ्यक्रम विकास समितिको गठन गरिनेछ ।

११.१.५ विद्यमान भूमण्डलीकरणको प्ररिप्रेक्ष्यमा स्थानीय शिक्षा विषयक अनुसन्धान गरी भूमण्डलीय ज्ञानलाई पाठ्यक्रम स्थानीकिकरण गर्न आवश्यक सिफारिस गर्न एक अध्ययन सम्पन्न गरिनेछ ।

११.१.६ निश्चित अवधिमा विश्व परिवेशमा भैरहेका परिवर्तन लाई सम्बोधन गर्न पाठ्यक्रम परिमार्जन तथा अद्यावधिक गर्ने संयन्त्र विकास गरिनेछ ।

११.१.७ पालिकामा अत्यन्त पातलो बस्ती भएका र दुर्गम क्षेत्र लक्षित बहुकक्षा शिक्षण सम्बन्धी आवश्यकता अध्ययन गरिनेछ ।

११.१.८ शिक्षण सिकाइ पद्धतीमा प्रभावकारी र सफल मानिएका निम्न विधिहरूलाई गुणस्तर अभिवृद्धि गर्न व्यवहारीक रुपमा अबलम्बन गर्न कार्ययोजना निर्माण गरिनेछ ।

- परियोजना कार्य तथा प्रस्तुतीकरण
- समीक्षा तथा छलफल
- कला तथा सिर्जना प्रस्तुतीकरण
- खोजमूलक अध्ययन तथा समूहकार्य
- स्थलगत अध्ययन

| कार्यनीति |
| --- |
| • व्यवहारीक अभ्यास<br>• शैक्षिक भ्रमण<br>• प्रयोगात्मक कृयाकलाप |
| ११.१.९ स्थानीय संचार माध्यमहरू विशेष गरी एफ.एम. तथा टेलिभिजन च्यानलहरूबाट शैक्षिक कार्यक्रम संचालन गर्न सम्भाव्यता अध्ययन गरिनेछ । |
| ११.१.१० राष्ट्रिय शिक्षा नीति २०७६ ले तोके बमोजिम आधारभूत तहको कक्षा १ देखि ३ सम्म एकिकृत पाठ्यक्रममा आधारित कक्षा शिक्षण वा बहुकक्षा शिक्षण पद्धति अबलम्बन गर्न आवश्यक प्रबन्ध गरिनेछ । |
| ११.१.११ स्थानीय पाठ्यक्रम विकास समितिलाई स्रोत सुविधा सम्पन्न बनाइनेछ । |
| ११.१.१२शिक्षकहरूलाई पाठ्यक्रम तथा पाठ्यपुस्तकले समेटेका विषयवस्तुको ज्ञान सम्प्रेषणलाई सुनिश्चित गर्न पाठ योजना निर्माण तालिम प्रदान गरिनेछ । |
| ११.२.१ विद्यार्थीहरूको विद्यमान मूल्याङ्कन प्रणालीको पुनरावलोकन र आवश्यक परिमार्जन गरी राष्ट्रिय शिक्षा नीति बमोजिम व्यवहारीक बहुप्रतिभासँग एकिकृत गरी, प्रयोगात्मक परीक्षा, व्यहारीक अभ्यास तथा इन्टर्नसिप आदिका आधारमा गर्ने प्रणालीको विकास गरिनेछ । |
| ११.२.२ परीक्षा प्रणालीलाई चुस्त र व्यवस्थित बनाउन स्थानीय संयन्त्रणको विकास गरिनेछ । |
| ११.२.३ भविष्यमा माध्यमिक तह (१२ कक्षा ) सम्मको परीक्षा स्थानीय तहबाटै गराउने नीति बमोजिम सो का लागि पूर्वाधार तथा जनशक्ति सँगसगै प्रणालीको विकास र श्रमिक अभ्यास गरिनेछ । |
| ११.२.४ मूल्याङ्कनमा ग्रेडिङ प्रणाली अबलम्बन गरी राष्ट्रिय मानक तथा मापदण्ड बमोजिम विकास गर्न अध्ययन गरिनेछ । |
| ११.३.१ एक दक्ष शिक्षकमा हुनुपर्ने आधारभूत सीप र गुणहरू मापन गर्ने शिक्षक योग्यता मापदण्ड निर्माण गरी लागु गरिनेछ । |
| ११.३.२ शिक्षक सक्षमता मापदण्डलाई प्रत्यक्ष रुपमा विद्यार्थी सिकाइ उपलब्धीसँग आवद्ध गरिनेछ । |
| ११.३.३ आधारभूत तहका शिक्षकहरूलाई विशेषगरी विषयगत शिक्षण लगायतका बहुकक्षा शिक्षण सम्बन्धी ज्ञान र सीपमा आधारित तालिमहरूलाई नियमित गरिनेछ । |
| ११.३.४ शिक्षकहरूलाई प्रदान गरिएका तालिमको नियमित प्रभावकारी अध्ययन गरी प्रतिवेदन प्रणालीमा व्यवस्थित गरिनेछ । |

| कार्यनीति |
| --- |
| ११.३.५ शिक्षणमा सूचना प्रविधिको उच्चतम प्रयोग गर्न आवश्यक सिपहरूको नक्साङ्कन गरी सम्पूर्ण शिक्षकहरूलाई सूचना प्रविधिको ज्ञान सम्बन्धी विशेष तालिम संचालन गरिनेछ। |
| ११.३.६ शिक्षा नीति बमोजिम हरेक २ वर्षमा शिक्षकहरूलाई सघन पुनर्ताजगी तालिमको अनिवार्य प्रबन्ध गरिनेछ । |
| ११.३.७ विद्यालयलाई विद्यार्थीको मात्र नभइ शिक्षक /शिक्षिकाको समेत ज्ञान केन्द्रको रुपमा विकास गर्न आवश्यक स्थानीय शिक्षा ऐन तथा नीतिमा सुधार गरिनेछ । |
| ११.३.८ अन्तरविद्यालय शिक्षक अन्तकृया कार्यक्रमहरू नियमित रुपमा संचालन गरिनेछ । |
| ११.३.९ उत्कृष्ट विद्यालयका असल अभ्यासबारे सबैलाई जानकारी गराई अनुभव आदान प्रदान गर्न अन्तर विद्यालय विद्यार्थी अन्तकृया कार्यक्रम संचालन गरिनेछ । |
| ११.३.१० शिक्षा क्षेत्रमा स्वंयसेवालाई अभिप्रेरित गर्न इन्टर्नसीप लगायतका पालिकाबाट विभिन्न राष्ट्रिय अन्तराष्ट्रिय विश्वविद्यालयमा उच्च शिक्षा हासिल गरी विभिन्न पेशा व्यवसायमा संलग्न व्यक्तिहरूलाई पालिकामा आउँदा विद्यालय भ्रमण तथा अन्तकृया गर्ने कार्यक्रम नियमित संचालन गरिनेछ । |
| ११.३.११ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत काम गर्ने रोजगारहरूलाई विद्यालयका भौतिक पूर्वाधार जस्तै घेराबेरा, बगैचा, सडकघाटो, शौचालय, खेल मैदान आदि निर्माणमा सदुपयोग गरिनेछ । |
| ११.३.१२ विद्यालय शिक्षालाई गुणस्तरीय तुल्याउन अनुगमन प्रणालीलाई नियमित, वैज्ञानिक र प्रतिवेदन प्रणालीमा समेट्ने गरी गरिनेछ । |
| ११.३.१३ नतिजामा आधारित शिक्षण सिकाई सुधार कार्ययोजना अनिवार्य निर्माण गरी लागु गरिनेछ । |
| ११.३.१४ सुपरिवेक्षण र अनुगमनलाई वैज्ञानिक बनाउन नतिजा सूचकको विकास गरिनेछ । |
| ११.३.१५ हरेक विद्यालयहरूलाई सूचकका आधारमा स्तर निर्धारण गरिनेछ । |
| सूचकहरू: सिकाई उपलब्धी, परीक्षा परीमाण, विद्यार्थी संख्या, भौतिक पूर्वाधार, व्यवस्थापकिय कूशलता, अतिरिक्त कृयाकलाप, खेलकुदका नतिजा, समुदायमा अन्तकृया आदि ) |

### ३.१.१२ खोज, विज्ञान तथा प्रविधि

**उद्देश्य १२ : परम्परागत सीप, स्थानीय ज्ञान र वौद्धिक सम्पदाको संरक्षण, खोज र अनुसन्धानात्मक कृयाकलापका साथै विज्ञान प्रविधि र आविष्कारलाई प्रर्वद्धन गर्ने संस्कृतिको आधारभूत र माध्यामिक तहबाटै विकास गर्नु ।**

| रणनीति |
| --- |
| १२.१ प्राविधिक र व्यवहारिक शिक्षा केन्द्रित विद्यालय तथा पाठ्यक्रमको निर्माण गरी लागू गर्ने |
| १२.२ हरेक तहका पाठ्यक्रममा नैतिक मूल्यमा आधारित जीवन उपयोगी शिक्षा अनिवार्य गरी लागू गर्ने |
| १२.३ विज्ञान र प्रविधिमा रुचि भएका बालबालिका,विद्यार्थी तथा युवाहरूको पहिचान गरी प्रोत्साहन गर्ने । |

| कार्यनीति |
| --- |
| १२.१.१ मा.वि. सम्म अध्यापन हुने विद्यालयमा एक वडा एक प्राविधिक विषय सञ्चालनका लागि आवश्यक शैक्षिक पूर्वाधारका लागि सङ्घीय र प्रादेशिक सरकारको सहयोगमा रकम विनियोजन गरिने छ । |
| १२.१.२ सि.टि.इ.भि.टि.को सम्बन्धनमा नगरपालिकास्तरीय एक बहुप्राविधिक विद्यालय स्थापना गर्न सम्भाव्यता अध्ययन गरिने छ । |
| १२.२.१ हरेक तहका औपचारिक साथै अनौपचारिक क्षेत्रको शिक्षामा नैतिकता, अनुशासन र जीवन सीप (Life Skills) विकास गर्न विज्ञसँग परामर्श लिई पाठ्यक्रम तयार गरी लागू गरिनेछ । |
| १२.२.२ आध्यात्मिक तथा आत्मिक विकास, सेवाभाव, मानवता, ध्यान, योग र स्वयंसेवा प्रर्वद्धन गर्ने पाठ्यक्रम तयार गरी हरेक तहमा अनिवार्य लागू गर्न त्यस सम्बन्धी विषयका शिक्षकहरूलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ । |
| १२.३.१ हरेक विद्यालयमा अध्यापनरत विज्ञान शिक्षकको सहयोग र समन्वयमा विज्ञान विषयमा विशेष रुची भएका विद्यार्थीहरू पहिचान गरी विवरण संकलन गरिने छ । |
| १२.३.२ हरेक वर्ष त्यस्ता विद्यार्थीहरू सम्मिलित गरी एक नगरपालिकास्तरीय विज्ञान प्रर्दशनी आयोजना गरिने छ । |
| १२.३.३ बैज्ञानिक वा विज्ञानका उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरूबाट विज्ञान प्रर्दशनीमा संलग्न विद्यार्थीहरूलाई वर्षमा एक पटक राष्ट्रियस्तरका प्रशिक्षण सञ्चालन गरिने छ । |
| १२.३.५ नगरपालिकामा भित्रिएको कृषि, उद्योग, पर्यटन जस्ता क्षेत्रका कुनैपनि नविन प्रविधिबारे विद्यार्थीहरूलाई जानकारी गराउन स्थलगत भ्रमण गराइने छ । |
| १२.३.६ राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरमा विज्ञान र प्रविधिका क्षेत्रमा काम गर्ने व्यक्तित्वहरूसँग विभिन्न उपयूक्त अवसर पारेर साक्षात्कार गराइने छ । |

| कार्यनीति |
| --- |
| १२.३.७ विज्ञान र प्रविधिमा विशेष क्षमता भएका तर औपचारिक शिक्षाको परिधि भन्दा वाहिर रहेका व्यक्तिहरू पहिचान गर्न अभियान सञ्चालन गरिनेछ । |
| १२.३.८ विज्ञान र प्रविधि सम्बन्धी विषयहरूमा विद्यार्थी भर्नादर बृद्धि गर्न विशेष अभिमुखिकरण तथा तयारी कक्षा सञ्चालन गरिनेछ । |
| १२.३.९ विद्यार्थीहरूलाई अनुसन्धानात्मक क्रियाकलापमा संलग्न गराउन पाठ्यक्रममा परियोजना कार्यलाई समावेश गरी पूरक क्रियाकलापका रुपमा अनिवार्य गरिनेछ । |

## ३.१.१३ अतिरिक्त शैक्षिक कृयाकलाप संचालन व्यवस्थापन

**उद्देश्य १३ : अतिरिक्त शैक्षिक कृयाकलापलाई संगठित र वैज्ञानिक तवरले नियमित संचालन गरी समग्र शैक्षिक प्रणालीसँग एकिकृत गर्नु ।**

### रणनीति

१३.१ अतिरिक्त क्रियाकलापलाई हरेक विद्यालयमा नियमित गर्ने

१३.२ विद्यालयमा विद्यार्थीहरूको ज्ञान वृद्धि हुने किसिमका कृयाकलापलाई नियमित गर्ने

१३.३ पाठ्य सामाग्रीको सहज उपलब्धता सुनिश्चित गर्ने

| कार्यनीति |
| --- |
| १३.१.१ विद्यार्थीको व्यक्तिगत रुचि र झुकावको पहिचान गरी हरेक विद्यालयमा नियमित अतिरिक्त कृयाकलाप अन्तर्गत गायन, वाद्यवादन, नृत्य, अभिनय, खेलकुद, चित्रकला, वतृत्वकला जस्ता कृयाकलाप सञ्चालन गर्न शिक्षकको प्रवन्ध गरिने छ । |
| १३.१.२ हरेक वर्ष अन्तरविद्यालय गायन प्रतियोगिता आयोजना गरिनेछ । |
| १३.१.३ हरेक वर्ष अन्तरविद्यालय नृत्य प्रतियोगिता आयोजना गरिनेछ । |
| १३.१.४ हरेक वर्ष अन्तरविद्यालय चित्रकला प्रतियोगिता आयोजना गरिनेछ । |
| १३.१.५ हरेक वर्ष अन्तरविद्यालय वतृत्वकला प्रतियोगिता आयोजना गरिनेछ । |
| १३.१.६ हरेक वर्ष अन्तरविद्यालय वाद्यवादन प्रतियोगिता आयोजना गरिनेछ । |
| १३.१.८ अभिनयमा रुची भएका विद्यार्थीलाई जनचेतनामूलक विषयमा सडक नाटक गर्न प्रेरित गरिनेछ । |
| १३.२.१ विद्यार्थीहरूलाई वार्षिक पात्रोको विकास गरी नियमित रुपमा शैक्षिक भ्रमण गराइने छ । |
| १३.२.२ विद्यार्थीहरूलाई नियमित स्थलगत अध्ययन र परियोजना कार्यमा संलग्न गराई सामाजिक, जीवनोपयोगी र व्यवहारिक ज्ञान प्रदान गरिनेछ । |

| कार्यनीति |
| --- |
| १३.२.३ नियमित रुपमा विज्ञान, प्रविधि, कला, खेलकुद, पेशा व्यवसाय आदिमा सफल व्यक्तित्वहरूसँग विद्यार्थीहरूलाई साक्षात्कार गराउन विद्यालय शैक्षिक पात्रोको प्रबन्ध गरिनेछ । |
| १३.२.४ विद्यालयमै विद्यार्थीलाई हौसला प्रदानका लागि ज्ञान, विज्ञान, सफलता, साहस र जितका कथाहरू समेट्ने वृतचित्र तथा चलचित्रहरूको नियमित प्रर्दशन गराउने व्यवस्था मिलाइने छ । |
| १३.२.५ विद्यार्थीहरूलाई क्षेत्रीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुन पूर्व तयारी गरिने छ । |
| १३.३.१ नियमित पठनपाठनका लागि आवश्यक पाठ्य पुस्तकहरूको समयमै उपलब्ध हुने गरी नगरपालिकास्तरीय एक संयन्त्रको निर्माण गरिने छ । |
| १३.३.२ हरेक विद्यालयमा पुस्तकहरूको व्यवस्थापन गर्न पुस्तकालय निर्माण गरिने छ । |
| १३.३.३ हरेक विद्यालयमा एक कम्प्युटर ल्याब निर्माण गरिने छ । |
| १३.३.४ हरेक मा.वि.मा एक विज्ञान प्रयोगशाला निर्माण गरिने छ । |

### ३.१.१४ स्थानीय पाठ्यक्रम तथा मातृभाषमा शिक्षा

**उद्देश्य १४ : आवश्यकता अनुसार स्थानीय पाठ्क्रमको विकास तथा अध्यापन साथै विद्यार्थी संख्याका आधारमा मातृभाषा शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउनु ।**

**रणनीति**

१४.१ भाषिक, सामाजिक, साँस्कृतिक तथा धार्मिक अल्पसङ्ख्यकहरूलाई मातृभाषामा शिक्षा प्रदान गर्ने साथै स्थानीय भाषा, कला, संस्कृति, ज्ञान, सीप तथा पहिचानका बारेमा अध्ययन अध्यापन गराउने

| कार्यनीति |
| --- |
| १४.१.१ नगरपालिकामा रहेका भाषिक, सामाजिक, साँस्कृतिक तथा धार्मिक हिसाबले पिछडिएका अल्पसङ्ख्यकहरूको अध्ययन गरी विस्तृत विवरण तयार गरिने छ । |
| १४.१.२ यस किसिमका अल्पसङ्ख्यकका बालबालिकाहरूलाई मातृभाषामा शिक्षा प्रदान गर्नका लागि पाठ्यपुस्तक तथा जनशक्तिको व्यवस्था गरिने छ । |
| १४.१.३ स्थानीय भाषा, कला, संस्कृति, ज्ञान, सीप तथा पहिचानका बारेको स्थानीय पाठ्यक्रम निर्माण गरी सोही अनुसारको शिक्षा प्रदान गरिने छ । |

# खण्ड - ४ : शिक्षा गुरुयोजनाको कार्यनीति तथा रणनीतिहरू अनुसारका कार्यक्रमहरू

शिक्षा गुरुयोजनामा उल्लेख गरिएका कार्यनीति तथा रणनीति अनुसारका कार्यक्रमहरूलाई बजेट सहित निम्नअनुसार उल्लेख गरिएको छ ।

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | अधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | १.१ | १.१.१ | प्रारम्भिक बालविकास तथा स्याहार केन्द्रको विकासका लागि नक्साङ्कन तथा सर्वेक्षण | ० | ४०० | ० | ० | ० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | १.१.२ | बाल विकास केन्द्रको स्थापना तथा विकास | ५०० | ५० | ५० | ५० | ५० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | १.१.३ | न्यूनतम पूर्वाधार सहितको बालमैत्री स्याहार स्थल निर्माण र विकास | ० | ३०० | ० | ० | ० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | १.१.४ | बाल मनोविज्ञान, शारिरिक तथा सर्वाङ्गीण विकासको विषयमा दक्ष जनशक्तिको व्यवस्था | ४०० | ४०० | ४०० | ४०० | ४०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | १.१.५ | बालबालिका स्याहार, विकास तथा शिक्षण सम्बन्धी तालिम संचालन | ० | २०० | ० | ० | ० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | १.१.६ | "एक वडा एक बाल उद्यान" कार्यक्रम संचालन | ३०० | ३०० | ३०० | ३०० | ३०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | अधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १.१.७ | बालविकासका लागि हाता विकास प्रारम्भ | ० | ० | ० | ३०० | ३०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | १.१.८ | वैकल्पिक बालविकास तथा स्याहार केन्द्र स्थापना गर्न समुदाय, वडा तथा निजी क्षेत्रसँग साझेदारी | १०० | १०० | ० | ० | ० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | १.१.९ | अति विपन्न, पिछिडिएको क्षेत्र सिमान्तकृत वर्गका बालबालिकाको बालविकास केन्द्रमा निशुल्क विद्यालय भर्ना अभियान संचालन | १०० | १०० | १०० | १०० | १०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | १.१.१० | बालविकास तथा स्याहार केन्द्र स्थापना गर्न चाहने अभिभावकहरूलाई मापदण्डका आधारमा अनुमति प्रदान | ० | ० | ० | ३०० | ३०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | १.१.११ | प्रत्येक बाल विकास तथा शिक्षा केन्द्रहरूमा बालबालिकाको नियमित स्वास्थ्य जाँच | २०० | २०० | २०० | २०० | २०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| २ | २.१ | २.१.१ | आधारभूत शिक्षाबाट बञ्चित बालबालिकाहरूको लगत संकलन | २५० | ० | ० | ० | ० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | २.१.२ | विद्यालय जानबाट बञ्चित बालबालिकालाई छात्रवृत | १०० | १०० | १०० | १०० | १०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | अधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २.१.३ | विद्यालय जानबाट बञ्चित बालबालिकालाई छात्रावासको प्रबन्ध गर्न सम्भाव्यता अध्ययन | ० | ० | २०० | ० | ० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | २.१.४ | विद्यालयमा दिवा खाजा, पोशाक आदिमा अनुदान प्रदान गर्ने कार्यक्रमहरू संचालन | १०० | १०० | १०० | १०० | १०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | २.१.५ | विद्यालयमा विद्यार्थीको नियमितता सुनिश्चित गर्न वडा स्तरीय अनुगमन समिति गठन | ० | १०० | ० | ० | ० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | २.१.६ | विद्यार्थी भर्ना घरदैलो अभियान निरन्तर संचालन | १०० | १०० | १०० | १०० | १०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | २.१.७ | नतिजा मापन संयन्त्र तथा अभिलेख प्रणाली निर्माण | ० | ० | ३०० | ० | ० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | २.१.८ | विद्यालय शिक्षालाई प्रभावित हुन नदिन सेवाक्षेत्र सम्बन्धी राष्ट्रिय मापदण्ड बमोजिम कार्यविधि तयार | ० | ० | ० | ३५० | ३५० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | २.१.९ | सम्पूर्ण सामूदायिक विद्यालयमा समान शैक्षिक गुणस्तर कायम गर्न सूचकहरूको विकास | १०० | ० | ० | ० | ० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | अधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २.१.१० | आधारभूत तहका विषयका सिकाई उपलब्धी सूचकहरूको विकास | ० | १५० | ० | ० | ० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | २.१.११ | इन्टरनेट, श्रव्य दृश्य सामाग्री तथा सूचना प्रविधिको प्रयोग | ० | १५० | ३०० | ४०० | ४०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | २.१.१२ | स्थानीय बालअधिकार समिति गठन | १५० | ० | ५० | ५० | ५० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| ३ | ३.१ | ३.१.१ | अभिभावकहरूले आफ्ना बालबालिकाहरू प्रति निभाउनपर्ने दायित्व तथा व्यवहारहरूको वैज्ञानिक सूची तयार | १०० | ० | ० | ० | ० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ३.१.२ | अभिभावकहरूको बालबालिका प्रतिको दायित्व र व्यवहारका सूचकहरूबारे प्रचार प्रसार | ५० | ५० | ५० | ५० | ५० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ३.१.३ | वार्षिक पात्रोको विकास गरी नियमित रुपमा शिक्षक—अभिभावक अन्तरक्रिया | १०० | १०० | १०० | १०० | १०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ३.१.४ | अभिभावकहरूलाई सचेत बनाउने अभियान संचालन | ५० | ५० | ५० | ५० | ५० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | अधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ३.१.५ | अभिभावकहरूको भूमिका हुनेगरी गृहकार्य दिन पाठ योजनाहरू निर्माण | ५० | ५० | ५० | ५० | ५० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ३.१.६ | हरेक अभिभावकहरूलाई बाल मनोविज्ञानका बारेमा वैज्ञानिक ज्ञान प्रदान गर्न अभिमुखिकरण | १०० | १०० | १०० | १०० | १०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ३.१.७ | अपाङ्गता भएका बालबालिका, अटिजम वा मानसिक अपाङ्गता भएका बालबालिकाका अभिभावकहरूलाई विशेष अभिमुखिकरण | १०० | १०० | १०० | १०० | १०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ३.१.८ | खेलहरूको माध्यमबाट बालबालिकाहरूलाई हाम्रा अभिभावक हाम्रो साथ छन् भन्ने भावना जागृत | ० | १५० | ० | ० | ० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| ४ | ४.१ | ४.१.१ | विद्यालयहरूलाई आधारभूत सहितको माध्यामिक शिक्षा प्रदान गर्ने पूर्ण संरचनामा लैजान नक्साङ्कन | ५०० | ० | ० | ० | ० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | अधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ४.१.२ | शुन्य जोड २ कार्यक्रम मात्र संचालन भैरहेका शिक्षण संस्थालाई माध्यामिक शिक्षा वा आधारभूत सहितको माध्यामिक शिक्षा प्रदान गर्ने संस्थामा रुपान्तरण गर्ने सर्वेक्षण | ० | ० | ० | ५०० | ५०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ४.१.३ | निशुल्क माध्यामिक शिक्षा प्रदान गर्न विपन्न लक्षित अनुदान र छात्रवृत्तिको प्रबन्ध | ० | २०० | २०० | २०० | २०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ४.१.४ | व्यवसायिक, संगीत, आयूर्वेद, कृषि लगायतका विद्यालय स्थापना गर्न संम्भावना अध्ययन | ० | ० | ० | ३०० | ३०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ४.१.५ | केहि विद्यालयहरू छनोट गरी अंग्रेजी माध्यमबाट अध्यापन | २०० | २०० | २०० | २०० | २०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ४.१.६ | माध्यामिक शिक्षाको सिकाई उपलब्धी मापनका सूचकहरू विकास | १५० | ० | ० | ० | ० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ४.१.७ | हरेक विद्यार्थीको व्यक्तिगत सूचना प्रणाली निर्माण | ३०० | ३०० | ३०० | ३०० | ३०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ४.१.८ | हरेका विद्यार्थीको विषयप्रतिको लगाव वा झुकाव पहिचान गर्न अनुसन्धान | ० | ० | ० | २०० | २०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | अधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ४.१.९ | विद्यार्थीहरूलाई प्रविधिबारे साक्षतकार गराउन सूचना प्रविधिमा आधारित श्रव्यदृश्य सामाग्रीहरूको नियमित प्रयोग | ४०० | ४०० | ४०० | ४०० | ४०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ४.१.१० | पढ्ने इच्छा भएका छात्र–छात्राहरूलाई माध्यामिक शिक्षा सुनिश्चित गर्न सामुदायिक अभियान संचालन | १०० | १०० | १०० | १०० | १०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ४.१.११ | माध्यामिक तहमा विज्ञान संकाय संचालन गर्न सकिने विद्यालयको सम्भाव्यता अध्ययन | ० | ० | ३०० | ० | ० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ४.१.१२ | माध्यामिक तहका विद्यार्थीहरू लक्षित नैतिक शिक्षा विषय समिल्लित विशेष पाठ्यक्रम निर्माण | ० | ० | ० | ३०० | ३०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ४.१.१३ | किशोर–किशोरीको मनोविज्ञान, यौन शिक्षा, छात्राहरूलाई आत्मरक्षा र व्यक्तिगत सुरक्षा सम्बन्धी अभिमुखिकरण | १०० | १०० | १०० | १०० | १०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ४.१.१४ | सफल कथाहरूको वृतचित्रहरू प्रर्दशन | १०० | १०० | १०० | १०० | १०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | अधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | ५.१ | ५.१.१ | सीप विकास तथा व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालय स्थापना र विकास | ० | ० | ३०० | ३०० | ३०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ५.१.२ | व्यवसायिक डिप्लोमा तहका कार्यक्रमहरूको सम्भाव्यता अध्ययन | ० | ० | ० | ३५० | ३५० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ५.१.३ | विषेश सीप भएका विद्यार्थीहरूको पहिचान गर्न अध्ययन | १०० | १०० | १०० | १०० | १०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ५.१.४ | मौलिकता जगेर्ना तथा आधुनिकिकरण गर्न प्राविधिक तथा व्यवसायिक विद्यालयसँग एकिकृत गर्न अध्ययन | ० | ३०० | ० | ० | ० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ५.१.५ | विद्यार्थीहरूलाई प्राविधिक समस्याहरू समाधान गर्ने सीप प्रदान गर्न अतिरिक्त कक्षाको प्रबन्ध | १०० | १०० | १०० | १०० | १०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ५.१.६ | लक्षित समूहलाई प्रत्यक्ष लाभ हुने व्यवसायिक शिक्षा प्रदान गर्न वडास्तरमा लगत संकलन | ४०० | ० | ० | ० | ० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ५.१.७ | व्यद एबिअझभलत का लागि बजारको अध्ययन | ४०० | ० | ० | ० | ० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | अधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ५.१.८ | इन्टर्नसीप संचालन गर्न सहजिकरण गर्ने इकाई शिक्षालयमै निर्माण | ० | ० | २०० | ० | ० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ५.१.९ | व्यवसायिक तथा प्राविधिक विद्यालयहरूमा नवप्रर्वतन र नयाँ व्यवसायिक सोच सम्बन्धी अनुसन्धान केन्द्रको रुपमा विकास गर्न अध्ययन | ० | ० | ० | ३५० | ३५० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ५.१.१० | शिक्षा तथा तालिमबाट बञ्चित हुनुपरेका विद्यार्थीहरूको लगत संकलन | २०० | ० | ० | ० | ० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ५.१.११ | विद्यार्थीहरूलाई सरल कर्जाको प्रबन्ध । | ५०० | ५०० | ५०० | ५०० | ५०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ५.१.१२ | शिक्षालयहरूलाई रोजगारदातासँग एकाकार गर्न अध्ययन | ० | ० | ० | ५०० | ५०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ५.१.१३ | नगरपालिकाको विकासमा आवश्यक जनशक्तिलाई प्राविधिक र व्यवसायिक शिक्षासँग आबद्ध गर्न अध्ययन | ० | ० | ० | ३०० | ३०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| ६ | ६.१ | ६.१.१ | हरेक वडामा एक सामुदायिक सिकाई केन्द्र स्थापना | ३०० | ३०० | ३०० | ३०० | ३०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | अधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ६.१.२ | एक वडा एक पुस्तकालय/वाचनालय स्थापना | ५०० | ५०० | ५०० | ५०० | ५०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ६.१.३ | हरेक सामुदायिक सिकाइ केन्द्रमा इन्टरनेटको व्यवस्था | २०० | २०० | २०० | २०० | २०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ६.१.४ | अनौपचारीक शिक्षालाई स्थानीय आवश्यकता अनुसार व्यवस्थित बनाउन अध्ययन | ० | ० | ० | ३०० | ३०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ६.१.५ | स्थानीय बौद्धिक समाज संचालन गर्न कार्यविधि निर्माण | ० | ० | ० | २५० | २५० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ६.१.६ | पालिकामा रहेका वैकल्पिक शैक्षिक संस्थाहरूको लगत संकलन | २८० | ० | ० | ० | ० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ६.१.७ | पालीकास्तरमा एक पुस्तकालय स्थापना | ० | ० | १००० | ५५० | ५५० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ६.१.८ | वडास्तरका पुस्तकालयलाई मुख्य पुस्तकालयमा आबद्ध | ० | ० | ० | ५०० | ५०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ६.१.९ | शैक्षिक अन्तरक्रिया गर्न वार्षिक पात्रोको विकास | १५० | ० | ० | ० | ० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | अधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ६.१.१० | आम नागरिकका सिकाइका चाहानाहरू सम्बोधन | १०० | १०० | १०० | १०० | १०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ६.१.११ | स्थानीय बौद्धिक समाज गठन | ० | ० | ० | १०० | १०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ६.१.१२ | दुर शिक्षाबाट लाभान्वित हुन चाहने विद्यार्थीको लगत संकलन | ० | ० | १५० | ० | ० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ६.१.१३ | पालिकास्तरीय मल्टिमिडिया सेन्टर तथा वैकल्पिक शिक्षा इकाइको सम्भाव्यता अध्ययन | ३०० | ० | ० | ० | ० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ६.१.१४ | प्रौढ कक्षामा सम्मिलित हुन चाहनेहरूको लगत संकलन गरी व्यक्तिगत सूचना प्रणलीको विकास | ० | ० | १०० | ० | ० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ६.१.१५ | प्रौढकक्षाहरूका सिकाई उपलब्धी मापन गर्ने संयन्त्र तथा सूचकको विकास | ० | ० | २०० | ० | ० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ६.१.१६ | प्रौढ कक्षाहरू संचालन | २०० | २०० | ० | ० | ० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | अधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ६.१.१७ | पूर्ण साक्षर तथा शिक्षित गर्न कार्ययोजना निर्माण | ० | ० | २०० | ० | ० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ६.१.१८ | मौलिक ज्ञान, दर्शन, प्राकृतिक विज्ञान र दृष्टिकोणहरूलाई संग्रह सूचीकरण तथा संरक्षण कार्ययोजना निर्माण | ० | ० | ० | २५० | २५० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ६.१.१९ | सामुदायिक सिकाइ केन्द्र र बौद्धिक समाजलाई जिम्मेवार बनाउन अभिमुखिकरण | ० | ० | २५० | ० | ० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| ७ | ७.१ | ७.१.१ | अपाङ्गता परिचय पत्र प्रदान गरीे शैक्षिक आवश्यकता बारे लगत संकलन | १२० | ० | ० | ० | ० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ७.१.२ | अपाङ्गताको प्रकार अनुसारको शैक्षिक सेवा प्रदान गर्न अनुदान | ५०० | ५०० | ५०० | ५०० | ५०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ७.१.३ | अपाङ्गताको अवस्था हेरी सामान्य बालबालिकासँगै अध्ययन गर्न लगत संकलन | ० | २०० | ० | ० | ० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ७.१.४ | अपाङ्गता भएका बालबालिकालाई आवश्यक पर्ने सामाग्रीमा अनुदान | १२० | १२० | १२० | १२० | १२० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | अधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ७.१.५ | अपाङ्गता तथा फरक क्षमता भएका आम नागरिकलाई विशेष सीप विकास सम्बन्धी कार्यक्रम संचालन | १२० | १२० | १२० | १२० | १२० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ७.१.६ | अपाङ्गता भएका बालबालिकाको लागि सहज पाठ्यक्रम निर्धारण | ० | ० | ० | ३५० | ३५० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ७.१.७ | अपाङ्गता भएका बालबालिकाको लागि विशेष मूल्याङ्कन प्रणालीको विकास | ० | ० | ० | ३०० | ३०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | ७।२ | ७।२।१ | आरक्षण आवश्यक बालबालिकाहरूको लगत संकलन | ० | ० | ० | २०० | २०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ७।२।२ | यी विद्यार्थीहरूको शिक्षाको अधिकार सुनिश्चित गर्न कोषको निर्माण | ० | ० | ० | ४०० | ४०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
| | | ७.२.३ | स्थानीय समुदायको सभ्यता र भाषामा ज्ञान भएका शिक्षक-शिक्षिकाको दरबन्दी राख्न पहल | २०० | २०० | २०० | २०० | २०० | वडा,न.पा. शिक्षाशाखा, प्रदेश तथा संघिय शिक्षा मन्त्रालय |
